# परिच्छेद एक

# परिचय

## १.१. अध्ययनको पृष्ठभूमि

नेपालको शैक्षिक इतिहासलाई सुक्ष्म रुपले केलाएर हेर्ने हो भने विद्यालय शिक्षाको विस्तार र विकास समुदायकै पहलमा हुँदै आएको पाइन्छ । संस्कृत, बैद्धिक गुरुकुल शिक्षादेखि आधुनिक शिक्षाको पादुर्भावसम्म समुदायको अहम भूमिका रहेको पाइन्छ । प्रत्येक गाउँबस्ती तथा देशको कुनाकाप्चामा शिक्षण संस्थाहरु स्थापना कस्ले गऱ्यो ? संचालनका लागि आर्थिक सहयोग कस्ले जुटायो ? भवन कस्ले बनायो ? इत्यादी प्रश्नहरुको उत्तर समुदायको संलग्नता विना खोज्न सकिँदैन । सरकार नपुगेको ठाउँमा समुदाय पुग्यो, जनताको आवश्यकता समुदायले बुझ्यो, शिक्षा विकासको मेरुदण्डनै समुदाय बन्यो, यो हाम्रो ऐतिहासिक यथार्थ हो । वि.सं. २०२८ सालमा राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू हुनु पूर्वको स्थितिलाई नियाल्दा यिनै यथार्थताहरु सबैका सामु छर्लङ्ग देखिन्छन् । राष्ट्रिय शिक्षा पद्धतिको योजना लागू भएपछि समुदायमा संचालन भइ आएका विद्यालयहरुलाई राष्ट्रियकरण गरी विद्यालय संचालन तथा व्यवस्थापनको सम्पूर्ण जिम्मेवारी राज्यले लियो । यसबाट विद्यालय संचालनमा रहँदै आएको समुदायको भूमिका र जिम्मेवारी स्वतः कम भएर आयो । फलस्वरुप समुदायमा रहि आएको विद्यालय प्रतिको अपनत्वको भावनामा ह्रास आउनुको साथै विद्यालय प्रतिको जनचासो घट्दै गयो र विद्यालयको व्यवस्थापन पक्ष कमजोर हुँदै गयो । कमजोर विद्यालय व्यवस्थापनको कारणले दिन प्रतिदिन शैक्षिक गुणस्तर खस्कँदै गयो । जनताको आवश्यकता र चाहानालाई प्रचलित शिक्षा प्रणालीको पूरा गर्न सकेन । फलतः वि.सं. २०३७ सालमा शिक्षा नियमावलीमा संशोधन गरी शिक्षामा निजी क्षेत्रको संलग्नताको बाटो खोलियो । समाजमा हुनेखाने वर्गको आवश्यकतालाई निजी विद्यालयहरुले टारे भने अधिकांश मध्यम र निम्न वर्गीय जनताका छोराछोरीको शिक्षा सामुदायिक विद्यालयमा नै निर्भर रहयो ।

नेपालमा बहुदलिय प्रजातन्त्रको पुनर्स्थापनासँग वि.सं. २०४६ साल पछि शैक्षिक सुधारका लागि सुझाव लिन सरकारले विभिन्न आयोगहरु गठन गऱ्यो । गठित अयोगहरुले विभिन्न सुझावहरु प्रस्तुत गरे, तदनुरुप राष्ट्रिय शिक्षाका कतिपय उद्देश्य, नीति, कार्यक्रम समयानुकुल परिमार्जन र लागू हुँदै गए । पछिल्लो पटक गठित शिक्षा सम्बन्धि उच्च स्तरीय कार्यनीति २०५८ ले विद्यालय शिक्षाले प्रस्तावित कार्यनीति र कार्ययोजनाको अवधारणा पत्र सरकारसमक्ष प्रस्तुत गऱ्यो । यसैलाई आधार मानि निर्वाचित सरकारले संसद मार्फत शिक्षा ऐन २०२८ लाई २०५८ मा सातौं संसोधन गरी शैक्षिक विकेन्द्रिकरणको अवधारणालाई व्यवहारमा रुपान्तरण गऱ्यो । प्राप्त सुझावहरुको आधारमा राष्ट्रिय शिक्षाका कतिपय उद्देश्यहरु, नीति,

कार्यक्रम समयानुकुल परिमार्जन र लागू हुँदै गए । पछिल्लो पटक गठित शिक्षा सम्बन्धी उच्च स्तरीय कार्य समिति २०५८ ले विद्यालय शिक्षाको प्रस्तावित कार्यनीति र कार्य योजनाको अवधारणापत्र सरकार समक्ष प्रस्तुत गऱ्यो । यसैलाई आधार मानी निर्वाचित सरकारले संसद मार्फत शिक्षा ऐनमा संशोधन गऱ्यो । उक्त संशोधन अन्तर्गत साविकको "सार्वजनिक विद्यालयलाई सामुदायिक विद्यालयमा रुपान्तरण गर्ने प्रावधान बन्यो । २०२८ सालको रा.शि.प.को योजनाले विद्यालय शिक्षालाई केन्द्रीकरण गरेर समुदायको स्वायत्ततालाई कम गराएपछि बढ्दै गएको नैरास्यताले देशको विद्यालय शिक्षालाइ हालको स्थितिमा ल्याई पुऱ्यायो" (शर्मा पौडेल, २०५९, पे. ३८) ।

विद्यालय शिक्षामा गुणस्तर एवं पहुँच अभिवृद्धि गर्ने विभिन्न प्रयासहरु गरिएतापनि अपेक्षित उपलब्धि हासिल हुन सकेन । विद्यालय शिक्षा सम्बन्धी विभिन्न आयोगहरुले गुणस्तरीय शिक्षा समुदायमा आधारित विद्यालय व्यवस्थापनबाट मात्र सम्भव हुने भनी गरिएको सिफारिस, शिक्षा विद्हरुबीच विभिन्न समयमा भएको छलफल, अन्तरक्रिया, सभा, सम्मेलन, गोष्ठी आदिको निष्कर्ष तथा कार्यक्रम मूल्यांकनबाट प्राप्त नतिजाको विश्लेषणको आधारमा शिक्षाको गुणात्मक विकास गर्न विद्यालय व्यवस्थापन समुदायलाई जिम्मा दिनुपर्ने अवधारणा अघि सारिएको हो । विद्यालय व्यवस्थापन समुदायलाई जिम्मा दिँदा समुदायको सामुहिक उत्साह जागृत भई विद्यालयप्रति अपनत्वको भावना विकास हुने, शैक्षिक सेवा प्रवाहमा सेवाग्राहीको पहुँच बृद्धि हुने, नीति निर्माण र निर्णय प्रक्रियाका सरकोकारवालाहरुको प्रत्यक्ष र सार्थक सहभागिता हुने, सम्बन्धित समुदायबाट विद्यालयको निरन्तर अनुगमन, सुपरीवेक्षण तथा मूल्यांकन हुने, निर्णय र कार्यान्वयन प्रक्रियामा पारदर्शिता आउने, शैक्षिक क्षति कम हुने, शिक्षकहरुले नियमित उपस्थिति बढ्ने, पठनपाठनका सुधार आउने भौतिक पूर्वाधार निर्माणमा एवम् स्थानीय स्रोत साधनको परिचालनमा सरलता आउने तथा समस्टिगत रुपमा शैक्षिक गुणस्तर बृद्धिका सहयोग पुग्ने अपेक्षा राखिएको छ । दसौं योजनाले यो कार्यक्रमलाई प्राथमिकताका साथ लागू गर्ने लक्ष्य राखे अनुरुप सरकारले २०५९ साल देखि सामुदायिक विद्यालयको व्यवस्थापनको जिम्मा समुदायलाई दिने कार्य थालनी गरी आ.व. २०६०/०६१ देखि उच्च प्राथमिकताका साथ कार्यन्वयन गर्दै आएको छ । "सामुदायद्वारा व्यवस्थापन हुने विद्यालयहरुलाई व्यवस्थापकिय अधिकार प्रदान गरी संचालनका निमित्त स्वयत्तता सहितको आधार प्रदान गर्नका लागि शिक्षा विभागले सामुदायद्वारा व्यवस्थापन हुने विद्यालय संचालन कार्य निर्देशिका, २०५९ जारी गरेको छ" (शिक्षा विभाग, २०६५) ।

पहिलो पटक आ.व. २०५९/६० मा एक सय प्राथमिक विद्यालयको व्यवस्थापन समुदायमा जिम्मा लगाउने लक्ष्य लिई लागू गरिएको यो कार्यक्रम दशौं योजनाका विशेष प्राथमकिता प्राप्त योजनाको लागू हुनु पुग्यो । आ.व. २०६०/६१ दखि ०६४/ ६५मा क्रमशः

१००, १५००, १५००, १६००, र २५०० विद्यालयको व्यवस्थापन जिम्मा लगाउने लक्ष्य लिइयो । आ.व. २०५९/६० मा १५ जिल्लामा ९३ वटा, आ.व. २०६०/६१ सालमा १३५ जिल्ला थपिई ५० जिल्लाका ९३ सहित १००० तह ०६१/६२ मा १०९२ तह समुदायमा हस्तान्तरण भएका र त्यसपछिका विद्यालयहरुका हस्तान्तरण लक्ष्य र प्रगति वर्तमानसम्म  निम्नानुसार छन् :

| आर्थिक वर्ष | जिल्ला | तह |
|---|---|---|
| आ.व. २०५९/६० | १५ जिल्ला | ९३ तह |
| आ.व. ०६०/६१ | १५+३५ जिल्ला | १००० तह (९३ सहित) |
| आ.व. ०६२/६३-०६३/६४ | १५+३५+९+१० | ३५१५ (२०६४भाद्र मसान्त |

अर्थात

| आर्थिक वर्ष | तह |
|---|---|
| २०५९/६० | ९३ तह |
| ०६०/६१ | १००० तह ९०७ वटा .९३ समेत) |
| ०६१/६२ | १०९२ तह |
| ०६२/६३ | २४१ तह |
| ०६३/६४ | ९४९ तह |
| ०६४/६५ | ३३०८ तह |
| ०६५/६६ | २११२ तह |

२०६७/१०/१० सम्ममा अधिकतम् संख्यामा व्यवस्थापन लिएका १० जिल्लाहरु निम्न छन् :

| क्र.सं. | जिल्ला | क्र.सं. | जिल्ला |
|---|---|---|---|
| १ | काभ्रे (६२० वटा ) | ६ | झापा ३२५ वटा |
| २ | इलाम ४८५ वटा | ७ | नवलपरासी ३१७ वटा |
| ३ | उदयपुर ४१५ वटा | ८ | धनकुटा ३१२ वटा |
| ४ | मोरङ्ग ३६६ वटा | ९ | बागलुङ २६६ वटा |
| ५ | सिन्धुली ३९५ वटा, | १० | सोलु २६४ वटा |

२०६७/१०/३० गते सम्म समुदायिमा हस्तान्तरण भएका विकास क्षेत्रगत सामुदायिक विद्यालयका विवरण :

| विकास क्षेत्र | प्रा.वि. | नि.मा.वि. | मा.वि. | जम्मा | जिल्ला संख्या |
|---|---|---|---|---|---|
| पूर्वाञ्चल | २२७० | ८०५ | ३७९ | ३४५४ | १६ |
| मध्यमाञ्चल | २२२६ | ७०४ | ३४६ | ३३१३ | १९ |
| पश्चिमाञ्चल | १६१९ | ६३३ | ३१० | २५९२ | १६ |
| मध्यपश्चिमाञ्चल | ७०७ | २०६ | १०२ | १०१४ | १५ |
| सुदुरपश्चिमाञ्चल | ६९७ | १८२ | ७६ | ९५५ | ०९ |
| जम्मा | ७५५८ | २५३० | १२१० | ११२९८ | ७५ |

(स्रोत शिक्षा विभाग)

"वर्तमान अवस्थामा यस आयोजनाबाट अभिभावकहरुमा विद्यालय प्रति अपनत्वको भावना जागृत भई विद्यालयहरु अपेक्षित रुपमा सुधारोन्मुख तर्फ गइ नमुना विद्यालयको रुपमा स्थापित हुन सफल भएकाले यस कार्यक्रमले उच्च महत्व पाएको छ" (शिक्षा विभाग, २०६७) ।

कान्तिपुर, (२०६५) भाद्र, ८ मा प्रकाशित समाचारका अनुसार "विद्यालयको व्यवस्थापन जिम्मा लिने क्रम बढ्दै गईरहेको अवस्थामा प्रकाशित समाचारअनुसार विद्यालय व्यवस्थापन समुदायलाई जिम्मा लगाउनुको औचित्य, उद्देश्य तथा आवश्यकताबारे सरकारले स्पष्ट पार्न नसक्दा यो कार्यक्रम प्रति अभिभावक र शिक्षक वर्गमा एक किसिमको अन्यौल र आशंका उब्जिएको, शिक्षकहरुमा पेशागत संघसंगठनहरुले यो कार्यप्रति पूर्ण रुपमा सहमति नदेखाएको भन्ने समाचार प्रकाशित भएको छ भने अर्कोतिर व्यवस्थापन जिम्मा लिने जनआकर्षण बढ्दै गएको तथा समुदायले जिम्मा लिएपछि विद्यालयले हरेक क्षेत्रमा प्रगति गर्दै आएको देखिन्छ" भन्ने समाचार पनि प्रकाशत भएको पाइन्छ (भण्डारी, २०६५, पे. १४) ।

यस प्रकार संका उपसंका र असहमति कायमै रहेका जटिल परिस्थितिमा व्यवस्थापन जिम्मा लिएका विद्यालयहरुमा के कस्तो परिवर्तन देखिएको छ ? भनि अध्ययन गर्न आवश्यक हुँदा प्रस्तुत अध्ययन अनुसन्धानको सिलसिलामा नेपालको पूर्वाञ्चल विकासक्षेत्रमा पर्ने उदयपुर जिल्लाका कार्यक्रम लागू भएका विद्यालयहरुमा विद्यार्थी भर्ना, उपस्थिति, उत्तीर्ण प्रतिशत, कक्षा छोड्ने र दोहोऱ्याउने दर, शिक्षक नियमितता, शैक्षिक गुणस्तर, भौतिक व्यवस्थापन तथा समुदाय र विद्यालयको आपसी सम्बन्धमा आएको परिवर्तन एवम् विद्यालय व्यवस्थापनमा देखिएका समस्याहरुका विषयमा गहनतम् अध्ययन गरिएको थियो ।

## १.२. अध्ययन क्षेत्रको पृष्ठभूमि

अध्ययन क्षेत्रको पृष्ठभूमि भन्नाले आफूले अध्ययन गर्ने क्षेत्रको बारेमा दिइने परिचय हो । यसले गर्दा खोजकर्ता कुन स्थानमा गएर आफ्नो अनुसन्धान कार्य सम्पन्न गरेको रहेछ भन्ने कुरा अवगत गराउँछ । कुनै पनि खोज तथा अनुसन्धान कार्यलाई उद्देश्य उन्मुख बनाई अध्ययन गर्नको लागि

आधारका रुपमा एउटा अध्ययन गरिने क्षेत्रको आवश्यकता पर्दछ । जसका लागि यहाँ उदयपुर जिल्लालाई छनोट गरिएको थियो ।

पूर्वाञ्चल विकास क्षेत्रको छ वटा जिल्लाहरु मध्ये यो भित्री मधेश अन्तर्गत पर्ने एउटा पहाडी जिल्ला हो र समुद्री सतहबाट ७७७० फिट सम्मका अग्ला हिमालय पर्वत समेत यस जिल्लामा रहेको छ । भौगोलिक हिसाबले पूर्वतर्फ सुनसरी र धनकुटा , पश्चिममा धनुषा र सिन्धुली, उत्तरमा भोजपुर, खोटाङ्ग र ओखलढुङ्गा त्यसैगरी दक्षिणी सिमानामा सिराहा र सप्तरी जिल्ला पर्दछ । २६ डिग्री २६'३९" देखि २७ डिग्री १'१०" उत्तरी अक्षांस र ८६ डिग्री ०'९" देखि ८७ डिग्री १'०" पूवी देशान्तरमा अवस्थित सुन्दर जिल्ला प्राकृतिक, भौगोलिक, साँस्कृतिक, जातिय विविधता रहेको छ । नेपालको कुल क्षेत्रफलको २०६३ वर्ग किमी क्षेत्रफल ओगटेको यो जिल्लामा एउटा नगरपालिका र ४४ वटा गा.वि.स. रहेको छ । संसदिय निर्वाचनको हिसाबले ३ वटा निर्वाचन क्षेत्र र ११ वटा इलाका छन् । यस जिल्ला को कूल भु-भागको २३.१३ प्रतिशत नदीनाला  ५३.७२ प्रतिशत वनजंगल, बाँकी खेतीपाती योग्य जमिन रहेको छ । यस जिल्लाको हावापानी उष्णशितोषण र समशितोषण छ साथै गर्मी समयमा यहाँको अधिकतम तापक्रम ३८ डिग्री र न्यूनतम १६ डिग्री हुन्छ ।

क्षेत्रफलको हिसावले नेपालकै ठूलो नगरपालिका त्रियुगा नगरपालिका समेत यही जिल्लामा पर्दछ । यस नगरपालिकामा बसोवास गर्ने मानिसहरु मिश्रित जातजातिका रहेका छन् । यहाँ बसोवास गर्ने विभिन्न जातजातिहरुमा क्षेत्री, ब्राम्हण, दलित, थारु , मुस्लिम, दनुवार, माझी, बोटे, राई, मगर आदि जातजातिहरुको बाहुल्यता रहेको छ । यस नगरपालिका भित्र सामुदायिक माध्यमिक विद्यालय १५ वटा र ८ वटा संस्थागत मा.वि. रहेका छन्  ।

### १.३ समस्याको कथन

विद्यालय सामाजिक प्रणाली भित्रकै एउटा अंग हो । विद्यालयले शिक्षाको माध्यमबाट समुदायको आवश्यकता पूरा गर्दछ भने समुदायले विद्यालय संचालनमा अहम भूमिका खेल्दछ । विद्यालय र समुदायको बीचमा अन्योयाश्रित सम्बन्ध रहेको हुन्छ । वि.सं. २०२८ सालमा रा.शि.प. योजनाको सुरुवातसँगै विद्यालयको व्यवस्थापकीय जिम्मेवारीमा सरकारको महत्वपूर्ण भूमिका रहे पश्चात समुदायको जिम्मेवारी कम भएको महसुस गरियो । यसरकारी लगानी तथा व्यवस्थापकीय जिम्मेवारी पर्याप्त हुन नसक्नु र समुदायलाई जिम्मेवारी बोध गराउन पनि नसक्नुको कारण रा.शि.प.को योजनाले कार्यान्वयनमा अपेक्षित सफलता हासिल गर्न सकेन । समुदायले विद्यालयलाई व्यवस्थित गर्न जबसम्म सहयोग गर्न सक्दैन तवसम्म भौतिक तथा व्यवस्थापन पक्षमा सुधार आउन नसक्ने भन्ने निचोड पत्ता लागि सकेको अवस्था तथा अधिकार र जिम्मेवारी सहितको पूर्ण विकेन्द्रिकरणको सिद्धान्त अनुसार नीजि क्षेत्रको भूमिकालाई बढावा दिने नीति रहनुले विद्यालयमा समुदायको सहभागिता बृद्धि गरी विद्यालय व्यवस्थापन पक्षलाई सुदृढ बनाउन विद्यालय व्यवस्थापन समुदायलाई जिम्मा लगाउँदै जानु पर्छ भन्ने अवधारणाको विकास हुन पुग्यो । समुदायद्वारा विद्यालयको व्यवस्थापकीय जिमेवारी लिएपछि शैक्षिक सेवा

प्रवाहमा सेवाग्राहीको पहुँच बृद्धि हुने, नीति निर्माण र निर्णय प्रकृयामा सरोकारवालाहरुले प्रत्यक्ष र सार्थक सहभागिता हुने, विद्यालयप्रति स्थानीय समुदायको अपनत्व बृद्धि हुने, मौजुदा शैक्षिक क्षतिमा कमी आउने, गुणस्तरीय शिक्षाको प्रत्याभूति गर्न सकिने तथा समुदायमा आधारित शैक्षिक योजना निर्माण, शैक्षिक गतिविधि सञ्चालन र अनुगमन व्यवस्थाले प्रभावकारी विद्यालय बनाउन सकिने आशा र अपेक्षाका साथ विद्यालय व्यवस्थापन समुदायलाई जिम्मा लगाउने कार्य द्रुत गतिमा अघि बढीरहेको वर्तमान सन्दर्भमा समुदायले व्यवस्थापकीय जिम्मेवारी लिइसकेपछि अपेक्षित सुधार हुन सकेको छ ? छैन ? भन्ने विषयमा अध्ययन अनुसन्धान गरिनु अत्यन्त सान्दर्भिक र आवश्यक पनि हो तर उक्त विषयमा खासै खोजिनीति गरेको पाइँदैन । तसर्थ, प्रस्तुत अध्ययन अनुसन्धानमा निम्न लिखित अनुसन्धानात्मक प्रंश्नहरुको उत्तर खोजिने प्रयास गरिएको थियो ।

- के विद्यार्थी भर्ना प्रवृत्तिमा सुधार भएको छ ?
- के भौतिक सुविधा अन्तर्गत कक्षाकोठा, शौचालय, फर्निचर, प्रयोगशाला र पुस्तकालय आदिको बृद्धि र सुधार भएको छ ?
- के विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकमा सुधार आएको छ ?
- के विद्यालयको वार्षिक बजेटको आकार बढ्दै गएको छ ?
- के वि.व्य.स. र शि.अ.सं.को बैठक संख्यामा बृद्धि भएको छ ?
- विद्यालय खुलेको  र शिक्षकको उपस्थिति दिन बीचको अन्तर कम भएको छ ?
- के पठनपाठन भएको दिनमा बृद्धि भएको छ ?
- विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन पटक बृद्धि भएको छ ?
- के विद्यालय मूल्यांकन प्रक्रियामा सुधार आएको छ ?
- के भर्ना भएका विद्यार्थीहरुको कक्षा नियमिततामा बृद्धि भएको छ ?
- के विद्यार्थीको उत्तीर्ण दरमा  सुधार भएको छ ?
- के विद्यार्थीको कक्षा छोड्ने र दोहोर्‍याउने दरमा कमी आएको छ ?
- के विद्यालयले आन्तरिक आर्थिक स्रोतको परिचालनमा बृद्धि गर्न सकेको छ ?
- के विद्यालयको समग्र आर्थिक स्थितिमा सुधार भएको छ ?
- के विद्यालयको नीति निर्माण र निर्णय प्रक्रियामा समुदायको संलग्नता बढेको छ ?
- के शैक्षिक गुणस्तर सुधारमा नयाँ प्रयासहरु भएका छन् ?
- के विद्यालयको आर्थिक र अन्य पक्षमा पारदर्शितामा बृद्धि भएको छ ?
- के विद्यालय व्यवस्थापन समितिको भूमिकामा परिवर्तन भएको छ ?
- विद्यालयले कुनै खास क्षेत्रमा नमूना लायक कुनै प्रगति गरेको छ ?

- के समुदायले आफ्नो उत्तरदायित्व सक्षमतापूर्वक वहन गर्न सकिरहेको छ ?
- के विद्यालयको पहुँच बाहिरका बालबालिकालाई विद्यालय भर्ना हुन प्रोत्साहन गरिएको छ ?
- के अभिभावकहरुमा विद्यालय प्रति अपनत्व, सहभागिता र चासो बढेको छ ?
- विद्यालय व्यवस्थापनमा कस्ता समस्याहरु देखिएका छन् ?

### १.४. अध्ययनको औचित्य

विद्यालय व्यवस्थापनको जिम्मेवारी स्थानीय समुदायलाई सुम्पिसकेपछिको आवस्थामा विद्यालयमा कस्तो परिवर्तन आएको छ ? भन्ने विषयमा गहन अध्ययन गरी सत्य, तथ्य एवम् वस्तुगत प्रमाणको आधारमा वास्तविक स्थितिको चित्रण गरिने हुनाले व्यवस्थापन जिम्मा लगाउने (राज्य पक्ष)), व्यवस्थापन जिम्मा लिने (समुदाय  पक्ष ) तथा व्यवस्थापन जिम्मा लिन इच्छुक रहेका (अन्य विद्यालय पक्ष) समेत तीनवटै पक्षलाई यो अध्ययन अनुसन्धानको निम्नलिखित महत्व रहनेछ ।

- सम्बन्धित विद्यालयलाई आफ्नो विद्यालयको वास्तविक स्थिति थाहा भई तद्नुरुप योजना बनाउन मद्दत पुग्छ ।
- राज्य पक्ष, समुदाय पक्ष र विद्यालय पक्षलाई कार्यक्रम प्रतिको उत्तरदायित्व बोध हुन्छ ।
- स्रोत केन्द्र र जि.शि.का.लाई सम्बन्धित विद्यालयको स्तर निर्धारण गर्न मद्दत पुग्नेछ ।
- राज्यपक्ष, समुदाय पक्ष र विद्यालय पक्षलाई पृष्ठपोषण प्रदान तथा कार्यक्रम सम्बन्धि वैकल्पिक निर्णय लिन मद्दत पुग्छ ।
- व्यवस्थापन जिम्मा लिन इच्छुक विद्यालयहरुलाई तत्सम्बन्धमा निर्णय लिन सहयोग पुग्छ ।
- सरकारी तथा गैरसरकारी क्षेत्रलाई उदयपुर जिल्लाको शैक्षिक स्थिति प्रति जानकारी लिन सहयोग पुग्छ ।
- यस विषयसँग सरोकार राख्ने विभिन्न निकाय, शिक्षाविद्, पाठ्यक्रमविद्, नीति निर्माताहरु समेतलाई आवश्यक सहयोग पुग्छ ।

### १.५. अध्ययनको उद्देश्य

अनुसन्धान निश्चित लक्ष्य तथा उद्देश्यमा केन्द्रित हुन्छ । समस्याको कथनमा उल्लेख गरेअनुसार कुन कुराको प्राप्तिको लागि खोज गरिँदैछ, त्यसलाई नै स्पष्ट र विशिष्ट रुपले उल्लेख गरिएका वाक्यांशलाई नै उद्देश्य भनिन्छ । उद्देश्यका साथ गरिएको कार्यबाट मात्र निर्धारित गन्तव्यमा पुग्न सकिन्छ । यस अध्ययनका उद्देश्यहरु यस प्रकार रहेका थिए :

१. सामुदायमा हस्तान्तरण भएका विद्यालय प्रणाली देखिएका परिवर्तनहरु पत्ता लगाउनु ।

२. समुदाय र विद्यालयको आपसी सम्बन्धमा आइरहेको परिवर्तनको खोजी गर्नु ।

३. विद्यालय व्यवस्थापनमा देखा परेका समस्याहरु पहिचान गर्नु ।

## १.६. अध्ययनको सिमाङ्कन

देश भरिकै विद्यालयहरुमा र जनसंख्या अध्ययन अनुसन्धान गर्दा विश्वसनिय र बैद्य हुने भएतापनि विविध स्रोत, साधन र समयको कमीको कारणले निम्न क्षेत्र, स्थान र जनसंख्यामा अध्ययन सिमित गरिएको थियो ।

- अध्ययन उदयपुर जिल्लामा मात्र सीमित गरिएको थियो ।
- समुदायमा हस्तान्तरित मा.वि.हरुमा मात्र अध्ययन सीमित गरिएको थियो ।
- छनोटमा परेका एउटा विद्यालयको मात्र अध्ययन गरिएको थियो ।
- अध्ययन एक देखि १० कक्षा सम्मको मात्र सीमित गरिएको थियो ।
- समुदायमा हस्तान्तरण हुनुभन्दा अगाडि (शै.स. २०६०, २०६१, २०६२ र २०६३ तथा पछाडी ( शै.स. २०६४, २०६५, २०६६ र २०६७) गरी जम्मा ८ वर्ष शैक्षिक सत्रको मात्र विद्यालय अभिलेख अध्ययन गरिएको थियो ।
- यस अनुसन्धानको अवधारणात्मक खाकामा समेटिएका पक्षहरुमा आएको परिवर्तनको मात्र अध्ययन गरिएको थियो ।
- सूचना संकलनको साधनको रुपमा खुल्ला प्रश्नावली, खुल्ला अन्तर्वार्ता तथा अभिलेख दस्तावेज अध्ययनको मात्र प्रयोग गरिएको थियो ।
- सम्बन्धित जिल्लाका जि.शि.अ. एकजना, सम्बन्धित स्रोत केन्द्रका स्रोत व्यक्ति, छनोटमा परेका विद्यालयका वि.व्य.स. अध्यक्ष, शि.अ.सं अध्यक्ष, प्र.अ.१/१ जना र शिक्षक ३ जना, विद्यार्थी ६ जना तथा अभिभावकहरु १० जनालाई मात्र सूचनादाताको रुपमा प्रयोग  गरिएको थियो ।

## १.७. शब्दावलीको परिभाषा

यस प्रश्तावनामा प्रयोग गरिएका  शब्दावलीहरुलाई निम्नानुसार प्रष्ट पारिनेछ ।

- समुदायमा हस्तान्तरण भएका विद्यालय : समुदायद्वारा व्यवस्थापन हुने विद्यालय संचालन कार्य निर्देशिका २०५९ अनुसार स्थानीय समुदायले सम्पूर्ण जिम्मा लिई आफैंले संचालन गर्ने विद्यालय,
- कार्यक्रम : समुदायद्वारा विद्यालयको व्यवस्थापकीय जिम्मेवारी लिने कार्यक्रम
- परिवर्तन : यस अध्ययनको अवधारणात्मक खाकामा उल्लेख गरिएका पक्षहरुमा देखिने परिवर्तन

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१. सैद्धान्तिक साहित्य

यो अध्ययन प्रणाली सिद्धान्तमा (system theory) आधारित गरिएको छ । यस सिद्धान्तमा तीन मुख्य चरहरु लगानी, प्रक्रिया र उत्पादन हुन्छन् । पहिलो चर लगानीमा कार्यक्रमको उद्देश्य प्राप्त गर्नका लागि लगाइने श्रम, सीप, साधन, समय र बजेट आदि पर्दछन् भने दोस्रो चर प्रक्रिया अन्तर्गत पहिलो चरणमा लगाइएको लगानीको परिचालन, निरीक्षण, अनुगमन आदि र तेस्रो चर उत्पादन भन्नाले लगानीको परिचालनले गर्दा देखिएको असर, परिवर्तन, परिणाम, उपलब्धि तथा विकासलाई बुझाउँदछ ।

प्रणाली सिद्धान्तमा उल्लेखित तीन चरहरुको अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ । कार्यक्रममा जे लगानी गरिन्छ, प्रक्रिया र उत्पादनमा पनि सोही लगानीको उचित परिचालन र असरहरु खोजिन्छन् र यदि कार्यक्रमको उत्पादनमा कमजोरी देखिए पुनः पहिलो चर लगानीबाट नै सुधार र परिमार्जन शुरु गरिन्छ ।

तसर्थ प्रणाली सिद्धान्त यो अनुसन्धानको लागि उपयुक्त भएकाले यस अध्ययनमा सैद्धान्तिक ढाँचाको रुपमा प्रणाली सिद्धान्त लिइएको हो ।

## २.२. विषयगत साहित्यको पुनरावलोकन

यस अध्ययनसँग सम्बन्धित पूर्व साहित्यको अत्यन्तै अभाव महसुस गरिएतापनि विद्यालय व्यवस्थापनका सम्बन्धमा समय समयमा प्रकाशित लेख, रचना, पुस्तक, पुस्तिकाहरुको अध्ययनबाट निम्न लिखित जानकारी हुन आएको छ ।

नवौं योजना (२०५४-२०५९) का अनुसार शैक्षिक व्यवस्थापन सुदृढ हुन सकेको छैन, आशा गरे अनुरुप शिक्षामा स्फूर्त र उपलब्धिमूलक जनसहभागिता प्राप्त गर्न सकेको छैन, खासगरी ग्रामीण क्षेत्रमा प्राथमिक विद्यालयहरुमा शिक्षक उपस्थिति न्यून रहेको पाइन्छ, शैक्षिक प्रणाली सञ्चालनका निमित्त योजना, संगठन, व्यवस्थापन, आर्थिक दायित्व र अन्य विभिन्न कार्यहरुको नियन्त्रण राज्यले नै गरेको हुँदा समुदायको सहभागिता र भूमिका गौण भएको छ , शिक्षण संस्थाहरुको व्यवस्थापन र सञ्चालनमा स्थानीय सक्रिय सहभागिता बढाउन र सक्षमतामा सुधार गर्नका लागि शैक्षिक व्यवस्थापनलाई विकेन्द्रिकरण गर्ने नीतिलाई प्रभावकारी रुपमा व्यवहारमा उतारिने कुरामा जोड दिएको छ (राष्ट्रिय योजना आयोग, २०५५) ।

'स्थानीय स्वायत्त शासन ऐन, २०५५' ले स्थानिय निकायहरुलाई सक्षम , प्रभावकारी बनाउन आवश्यक पर्ने अधिकार, जिम्मेवारी र स्रोत साधन निक्षेपण गर्ने तथा स्थानीय निकायहरुलाइई सुम्पिएका काम,

कर्तव्य, जिम्मेवारी र जवाफदेही वहन गर्नका लागि आवश्यक पर्ने स्रोत, साधनहरु संकलन र परिचालन गर्ने अधिकार सुम्पने सम्बन्धित कानुनी व्यवस्था गरेको पाइन्छ (स्थानिय स्वायत्त शासन ऐन, २०५५) ।

शिक्षा ऐन २०२८ को सातौं संशोधन २०५८ ले अभिभावकहरुले आफू मध्यबाट विद्यालय व्यवस्थापन समितिका पदाधिकारी छनोट गर्न पाउने व्यवस्था, स्थानीय समुदाय र सरोकारवालाहरुको सहभागितामा शिक्षक अभिभावकसंघको गठन, गाउँ शिक्षा समितिको व्यवस्था, तथा थप अधिकार र जिम्मेवारी सहित विद्यालय व्यवस्थापन समिलिाई अधिकार निक्षेपण गरेबाट शैक्षिक विकेन्द्रिकरणको अवधारणालाई व्यवहारमा रुपान्तरण गरी सरोकारवालाहरुलाई विद्यालय स्तरीय व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाहका लागि प्रोत्साहित गरेको छ (स्थानिय स्वायत्त शासन ऐन, २०५५) ।

विद्यालय शिक्षा सम्बन्धि उच्च स्तरीय कार्य समितिको प्रतिवेदन (२०५८) ले सामुदायिक विद्यालय व्यवस्थापन समितिले समुदायसँग निकटतम् सम्पर्कमा रही कार्य गर्नेछ । विद्यालयका लागि स्रोत, साधन जुटाउने, विद्यालयको भौतिक विकास, विस्तार एवम् मर्मत सम्भार कार्यमा स्थानीय स्रोत परिचालन गर्ने काम समुदायको हुनेछ , विद्यालयको आफ्नो आर्थिक, शैक्षिक तथा प्रशासनिक क्रियाकलापहरुको जानकारी समदायलाई गराउनु वार्षिक रुपमा अभिभावक भेला गराउन अनिवार्य हुनेछ भनि विद्यालय समुदाय सम्बन्धको बारे सुझाव पेश गरेको छ (शिक्षा विभाग २०५८) ।

शर्मा पौडेल (२०५९) ले 'नेपालको सन्दर्भमा विद्यालय आधारित व्यवस्थापन' नामक लेखमा वि.सं. २०२८ सालको नयाँ शिक्षा योजनाले शिक्षाका भौतिक पूर्वाधारहरु र अन्य विभिन्न सुधारहरु ल्याएपनि "यो मेरो विद्यालय हो" भन्ने भावना कम हुँदै गयो । शैक्षिक क्षेत्र लगभग निराश हुँदै गाइरहेको अवस्था छ , विद्यालयमा सामुहिक उत्साह जागृत हुन सकेमा विद्यालय व्यवस्थापन पक्ष मजबुत हुन्छ , जसको फलस्वरुप स्तरीय शिक्षा पाउन सकिने आशा गर्न सकिन्छ भनी उल्लेख गरेका छन् ।

बजेट भाषण आ.व. २०५९/६० अनुसार विद्यालय शिक्षामा गुणस्तर एवम् पहुँच अभिवृद्धि गर्ने विभिन्न प्रयासहरु एवम् पहुँच अभिवृद्धि गर्न विभिन्न प्रयासहरु हुँदाहुँदै पनि अपेक्षित उपलब्धि हासिल नभएपछि राष्ट्रले सामुदायिक विद्यालयको व्यवस्थापन समुदायलाई जिम्मा दिँदै जाने नीति अगाडि सारेको छ , समुदायले विद्यालय व्यवस्थापनको जिम्मेवारी लिएपछि समुदायको सक्रियतामा शिक्षकहरुको नियमितता र पठनपाठनमा सुधार आउने, भौतिक पूर्वाधार निर्माणमा सहयोग हुने, विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय ल्याउन प्रोत्साहन मिल्ने अपेक्षा राखिएको छ (अर्थ मन्त्रालय, २०५९) ।

शर्मा (२०५९) ले नेपालमा शिक्षा आयोगका प्रतिवेदनहरुको समीक्षामा नेपाल राष्ट्रिय शिक्षा योजना आयोग २०११ ले विद्यालय व्यवस्थापनमा समुदायको भूमिकालाई महत्व दिँदै विद्यालय व्यवस्थापनमा चन्दा सहयोग जुटाउने, शिक्षक तलब व्यवस्था गर्ने, भौतिक निर्माण मर्मत गर्ने इत्यादी कार्यमा समुदायको प्रत्यक्ष सहभागिता हुनुपर्ने कुरालाई जोड दिएको, राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन -२०४९ ले शैक्षिक व्यवस्थापनलाई बढी प्रभावकारी र दक्ष तुल्याउन तल्लो तहसम्म अधिकार प्रत्यायोजन गर्न

सुझाव दिएको, उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन- २०५५ ले नियमित निरीक्षण तथा अनुगमन प्रणालीलाई सक्षम रुपमा सञ्चालन गर्न नसकेको कारणबाट विद्यालयमा अनियमितता तथा स्वेच्छाचारिता बढेको कुरालाई औंल्याएको छ ।

दशौं योजना (२०५९-२०६४) का अनुसार शिक्षालाई प्रतिस्पर्धात्मक बनाउन, नीजि क्षेत्रको भूमिकालाई प्रभावकारी, सान्दर्भिक, समय सापेक्ष बनाउन र गुणस्तर कायम गर्न उपयुक्त नीति निर्माण, योजना तर्जुमा, व्यवस्थापन, कार्यन्वयन र अनुगमनमा समेत जनसहभागितालाई सुनिश्चित गर्नुका साथै विकेन्द्रिकरणको नीति अवलम्बन गर्दै प्रशासनिक र शैक्षिक विकेन्द्रिकरणसँगसँगै लैजान पनि आवश्यक भएको हुँदा विद्यालय सञ्चालनको जिम्मेवारी स्थानीय स्तरलाई दिने तर्फ दशौं योजना उन्मुख हुने कुरामा जोड दिएको छ (राष्ट्रिय योजना आयोग, २०५९) ।

भण्डारी (२०६१) ले ' नेपालमा प्राथमिक शिक्षा' नामक लेखमा सामुदायले विद्यालय आफ्नो हो भनी महसुस नगरिदिँदा र स्रोत परिचालनमा चासो नदेखाएको कारणबाट सामुदायिक विद्यालयहरुको सही व्यवस्थापन हुन सकेन, समुदायले विद्यालयलाई व्यवस्थित बनाउनका लागि जवसम्म सहयोग गर्न सक्दैन तवसम्म भौतिक तथा व्यवस्थापन पक्षमा सुधार आउन सक्दैन भने निचोड विभिन्न परियोजना, कार्यक्रमको मूल्यांकन मार्फत पत्ता लागि सकेको हुँदा विद्यालय व्यवस्थापन पक्ष समुदायलाई हस्तान्तरण गर्दै जानुपर्दछ भन्ने धारणाको विकास भएको हो भन्ने विचार व्यक्त गर्नुभएको छ ।

समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन कार्य निर्देशिका-२०५९ (पहिलो संशोधन) ले सामुदायिक विद्यालय व्यवस्थापनको सम्पूर्ण उत्तरदायित्व र अधिकार समुदायलाई प्रदान गर्नका लागि आवश्यक प्रक्रियाहरुको निर्धारण गरेको समुदायद्वारा व्यवस्थापन हुने विद्यालयहरुलाई व्यवस्थापकीय अधिकार प्रदान गरी सञ्चालनका निमित्त स्वायत्तता सहितको आधार प्रदान गरेको छ (शिक्षा विभाग, २०६३) ।

'शिक्षा तथा खेलकुद सम्बन्धि केही नेपाल ऐन संशोधन गर्ने ऐन २०६३' ले शिक्षा ऐन २०२८ मा संशोधन गरी थप गरिएको दफा ११ को (थ) अनुसार स्थानीय निकाय वा व्यवस्थापन समितिले सामुदायिक विद्यालयको व्यवस्थापन जिम्मा लिन सक्ने, त्यस्ता विद्यालयमा कार्यरत नेपाल सरकारबाट मान्यताप्राप्त दरवन्दीमा नियुक्त भएको शिक्षकको सेवा, सर्त, सुविधा अन्य सामुदायिक विद्यालयका शिक्षक सरह हुने , ति शिक्षकले पाउने तलव, भत्ता र सञ्चयकोष वापत विद्यालयबाट थप गर्नुपर्ने रकम नेपाल सरकारले एकमुष्ठ विद्यालयलाई उपलब्ध गराउने तथा समुदायद्वारा व्यवस्थापन जिम्मा लिएको विद्यालयको आवश्यकता हेरी नेपाल सरकारले थप दरवन्दी उपलब्ध गराउन सक्ने स्पष्ट कानुनी व्यवस्था गरिएको छ (कानुन किताब व्यवस्था समिति, २०६३) ।

शिक्षा नियमावली २०५९ (संशोधन सहित) को नियम २२ (क) देखि (ञ) सम्म भएको व्यवस्थाले विद्यालयको व्यवस्थापन जिम्मा लिँदा अपनाउनु पर्ने प्रक्रिया, विद्यालय छनोटको आधार, विद्यालय

सञ्चालन कार्यविधि, विद्यालय व्यवस्थापन समिति तथा प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार, शिक्षक व्यवस्थापन, वित्तिय व्यवस्थापनसँग सम्बन्धित सम्पूर्ण कुराहरुलाई प्रष्ट पारिएको छ ( कानुन किताब व्यवस्था समिति, २०६३) ।

तीन वर्षीय अन्तरिम योजना (२०६४-२०६७) ले शिक्षा सम्बन्धि कार्यनीतिमा स्थानीय तहमा शिक्षा योजना लगायत शैक्षिक प्रक्रियाका सबै पक्ष स्थानीय निकाय जिम्मोवार हुने गरी शैक्षिक व्यवस्थापन संघिय विकेन्द्रिकरणको ढाँचामा गरिने, विद्यालय व्यवस्थापन समिति विद्यालयको व्यवस्थापन तथा सञ्चालन गर्न जिम्मेवार रहने, अनुशासन, व्यवस्थापन, स्रोत परिचालन तथा गुणस्तर प्रवर्द्धनका लागि विद्यालयलाई स्वायत्त र जिम्मेवार बनाउनुका साथै सामाजिक लेखा परिक्षण गरी आर्थिक र अन्य कार्य पारदर्शि गराउनु पर्ने कुरालाई जोड दिएको छ (राष्ट्रिय योजना आयोग, २०६४) ।

सुवेदी (२०६५) ले 'नेपालका राष्ट्रिय नीतिहरुको विश्लेषणात्मक संहिताकरण' नामक पुस्तकमा शिक्षा जनसहभागिता मुलक हुनुपर्छ , शैक्षिक संस्थाहरुमा अपनत्वको विकास हुनुपर्छ, शिक्षण संस्थाहरु सरकारलाई नभई स्थानीय समुदायका आफ्नै संस्था हुन भन्ने भावनाको विकास गराउनु पर्छ, विद्यालय स्तरीय शिक्षामा अभिभावक र नागरिक समाजको क्रिया सहभागिता र संलग्नतामा विशेषः जोड दिनुपर्छ तथा वि.व्य.स. को काम, कर्तव्य, अधिकार र जिम्मेवारीमा विस्तार गर्नुपर्दछ भन्ने सुझाव उल्लेख गरेको छ ।

कान्तिपुर, (२०६५, भाद्र, ८) मा प्रकाशित समाचारका अनुसार नविन औद्योगिक माध्यमिक विद्यालय बुटवल रुपन्देहीले समुदायमा हस्तान्तरण भएपछि शैक्षिक गुणस्तर र भौतिक पूर्वाधारमा ठूलै फड्को मारेको छ । विद्यालयमा विद्यार्थीका लागि छात्रावास देखि शिक्षकका लागि आवास सम्मको व्यवस्था छ । विद्यालयले पाँच कक्षा देखि दश कक्षासम्म कम्प्युटर (आधारभूत देखि इमेल इन्टरनेट सम्म) कक्षा सञ्चालन गरेको छ । एस.एल.सी. परीक्षामा शतप्रतिशत विद्यार्थी उत्तीर्ण भएका छन् । विद्यालयमा अहिले पाँच वटा आफ्नै भवन, शौचालय, खानेपानी, सुन्दर बगैंचा, सुविधासम्पन्न डेस्क बेन्च लगायतका आधुनिक भौतिक पूर्वाधारहरु छन् । स्थापना कालपछि कैयौं  पटक बन्द हुन अवस्थामा पुगकोले वि.सं. २०६० सालमा यो विद्यालयलाई समुदायले जिम्मा लिएको हो (भण्डारी, २०६५, पे. ८) ।

'समुदायद्वारा व्यवस्थापन हुने विद्यालय सञ्चालन सम्बन्धि कार्यक्रम एक परिचय' नामक पुस्तिकामा विद्यालयहरुको सामुदायिक व्यवस्थापन गर्नुपर्नुका कारणहरु, विद्यालयका सामुदायिक व्यवस्थापनबाट अपेक्षा गरिएका प्रतिफलहरु, सामुदायिक व्यवस्थापनका कार्यनीतिहरु, व्यवस्थापन जिम्मा लिएपछि विद्यालय सुधारका लागि प्रदान गरिने यस सहयोग तथा भावि कार्यदिशाको बारेमा उल्लेख गरिएको छ ( शिक्षा विभाग, २०६५) ।

कान्तिपुर, २०६७, असोज, ११) मा प्रकाशित समाचारका अनुसार

> *"पर्वत जिल्लाको भुकताङ गा.वि.स. 1 स्थित सेरावेशीको नवज्योति श्रम माध्यमिक विद्यालय वि.सं. २०६1 सालमा समुदायमा हस्तान्तरण गरिएपछि नमूना बनाउने अभियानमा समुदाय जुटेका छन् । गाउँलेले विद्यालयको दैनिक रुपमा निरीक्षण गर्नेदेखि लिएर सरसफाई गर्ने गरेका छन् भने शिक्षक र विद्यार्थी समेत विद्यालयको सरसफाई र रेखदेखमा जुटेका छन् । विद्यालयले विद्यार्थीको नेतृत्व र क्षमता विकास गर्न प्रत्येक शुक्रवार विविध कार्यक्रमको आयोजना गर्ने, शिक्षकले सार्वजनिक विदाका दिनमा समेत विद्यार्थीहरुलाई समय दिएर पढाउने गरेका छन् । यो वर्ष ३० जना विद्यार्थी थप भर्ना भएका र अर्को वर्ष सय भन्दा बढी विद्यार्थी भर्ना गराउने लक्ष्य रहेको छ"* (खतिवडा, २०६७, पे. १४) ।

कान्तिपुर, (२०६८, पे. ६) मा प्रकाशित समाचार अनुसार

> *वर्तमानमा सामुदायिक विद्यालय अति राजनीतिकरणले आक्रान्त छ । समुदाय हस्तान्त्ररण सम्बन्धि नीतिमा प्राथमिक तहको व्यवस्थापनका लागि पाँच कक्षा, निमाविका लागि सात कक्षा र माध्यमिक व्यवस्थापनका लागि एस.एल.सी उत्तीर्ण व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष बन्न सक्ने व्यवस्था छ । संशोधित नियमावलीमा त झन व्यवस्थापन समितिको अध्यक्ष बन्न अनिवार्य आफ्ना छोराछोरी पढाएको हुनुपर्ने कडा प्रावधान पनि राखिएको छ तर यसको पालना भएको छैन । सरकारले सामुदायिक वनको सफलतालाई हेरेर विद्यालय पनि समुदायलाई जिम्मा लगाएको थियो तर विद्यालयलाई राजनीतिक अखडाका रुपमा लिएर सामान्य काममा पनि केन्द्रको मुख ताक्नु पर्ने शक्ति विकेन्द्रित भएपनि त्यो अधिकार दुरुपयोग भएको हो । तरपनि समुदायमा हस्तान्तरण भएका सबै विद्यालयको अवस्था निराशाजनक छैन । जहाँ व्यवस्थापन समिति र प्र.अ.को मिल्ती छ त्यस्ता विद्यालयमा विवाद आएको छैन* (पौडेल, २०६८, पे. ६) ।

उल्लिखित पुस्तक पुस्तिका तथा पत्र पत्रिकाहरुको अध्ययनबाट शिक्षामा स्थानीय जनसहभागिताको महत्वलाई विशेष जोड दिएको र विद्यालयको संचालन, पठनपाठनको रेखदेख र व्यवस्थापन अभिभावकहरुले नै गर्नुपर्दछ भन्ने मान्यता राखेको पाइन्छ । विद्यालयको लगानी, प्रक्रिया र उत्पादनको विकासका लागि स्थानीय स्तरबाट जनसहयोगको आवश्यकता पर्दछ । विद्यालयको सुधारका लागि सरकारले ठूलो लगानी गरेपनि जनसहयोगको कमी तथा विद्यालय र समुदायको निकट सम्बन्धको अभावको कारणले उपलब्धि सन्तोषजनक हुन नसकेको आदि पक्षलाई उद्देश्यसँग एकाकार गरी अध्ययन गरिएको थियो ।

**२.३. अध्ययनको अवधारणात्मक ढाँचा**

कुनै पनि अध्ययन तथा अनुसन्धानहरुले उद्देश्यहरुलाई केन्द्रित गरी तथ्यांकको व्याख्या संकलन र विश्लेषण प्रक्रियालाई अगाडि बढाएका हुन्छन् । प्रस्तुत अध्ययनमा पनि “समुदायमा हस्तान्तरण भएका विद्यालयमा देखिएका परिवर्तनहरु” अन्तर्गत मेरो अध्ययनमा निम्न अवधारणात्मक ढाँचा निर्माण गरी अध्ययन गर्ने प्रयास गरिएको थियो । जुन यस प्रकार छ :



## परिच्छेद तीन

## अध्ययन विधि

कुनै पनि कार्य सम्पन्न गर्नको लागि लक्षित उद्देश्य प्राप्त हुनेगरी आवश्यकता अनुसार विभिन्न तौरतरिका वा उपायहरु अपनाउनु पर्ने हुन्छ । यसलाई विधि भनिन्छ । अनुसन्धान पद्दति अनुसन्धान कार्य अगाडि बढाउने विधि हो । यसले अनुसन्धान कार्यलाई मार्ग निर्देशन गर्दछ ।

### ३.१. अध्ययनको ढाँचा

अनुसन्धान कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्नुभन्दा अगाडि तयार गरिने योजना र पूर्व निर्धारित स्वरुपलाई अनुसन्धान ढाँचा भनिन्छ । अनुसन्धानकर्ताले के विषयमा अनुसन्धान गर्ने, त्यसको उद्देश्य र महत्व के के हुने ? के के प्रमाणहरुको प्रयोग गर्ने, प्रमाणहरु कहाँबाट जुटाउने, जस्ता विषयमा यसले प्रकाश पार्ने कार्य गर्दछ । यो अध्ययनमा मुख्य गरी सर्वेक्षण विधि प्रयोग गरी सूचना संकलन गरिएको थियो । प्राप्त सूचनाको विश्लेषण गर्न व्याख्यात्मक अनुसन्धान ढाँचा अन्तर्गत गुणात्मक र परिमाणात्मक मिश्रित विधिको प्रयोग गरिएको थियो । यसमा उल्लेखित उद्देश्यहरु पूरा गर्न निम्न स्रोत र साधनहरुको प्रयोग गरी सूचना संकलन गरिएको थियो ।

| उद्देश्य | स्रोत | साधन |
|---|---|---|
| १. समुदायमा हस्तान्तरण भएका विद्यालयहरुको लगानी, प्रक्रिया, उत्पादनमा आएको परिवर्तन पत्ता लगाउन | विद्यालय दस्तावेज, अभिलेख र जि.शि.अ., स्रोत व्यक्ति, प्र.अ., अभिभावक | विद्यार्थी अभिलेख फारम, विद्यालय सर्वेक्षण फारम, अन्तर्वार्ता, प्रश्नावली |
| २. समुदाय र विद्यालयको आपसी समबन्धमा आइरहेको परिवर्तनको खोजी गर्नु | विद्यालय दस्तावेज र प्र.अ., स्रोत व्यक्ति, वि.व्य.स. अध्यक्ष, अभिभावक | अन्तरवार्ता र प्रश्नावली |
| ३. विद्यालय व्यवस्थानमा देखा परेका समस्या पहिचाान गर्नु | जि.शि.अ., प्र.अ., वि.व्य.स. अध्यक्ष, शि.अ. संघका अध्यक्ष | दस्ताजेज अध्ययन, अन्तर्वार्ता प्रश्नावली |

### ३.२. अध्ययनको क्षेत्र र जनसंख्या

उदयपुर जिल्ला यातायात, सञ्चार तथा २०६७/१०/१० सम्मको तथ्यांक अनुसार अधिकतम् संख्यामा विद्यालय व्यवस्थापनको जिम्मा लिएका जिल्लाहरुको सूचिमा दोस्रो स्थानमा परेको हुनाले यस अध्ययनको प्रयोजनका लागि उदयपुर जिल्ला अन्तर्गत पर्ने त्रियुगा नगरपालिकाको वडा नं ७ को देउरी स्रोत केन्द्रलाई सुविधाजनक तथा सामान्य सम्भावना युक्त नमूना छनोट विधिको चिठ्ठा पद्धतिका

आधारमा छनोट गरिएको थियो र उक्त स्रोत केन्द्र अन्तर्गत सो जिल्लाका जि.शि.अ., स्रोत व्यक्ति, सम्बन्धित विद्यालयका प्र.अ. तथा वि.व्य.स. अध्यक्ष, शिक्षक, विद्यार्थी र अभिभावकलाई जनसंख्याको रुपमा लिइएको थियो ।

**३.३. नमूना छनोट विधि**

सम्पूर्ण विद्यालयहरुलाई समेटी अध्ययन अनुसन्धान गर्न स्रोत, साधन, समय र आर्थिक पक्षले नभ्याउने हुँदा निम्नानुसार नमूना छनोट गरी अध्ययन अनुसन्धान गरिएको थियो ।

**३.३.१. जिल्ला छनोट**

उद्देश्यात्मक नमूना छनोट विधिको आधारमा नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत पर्ने उदयपुर जिल्ला छनोट गरिएको थियो ।

**३.३.२ स्रोतकेन्द्र छनोट**

शै.स. २०६२ मा कार्यक्रम लागू भएका १० वटा स्रोतकेन्द्रहरुको सूचिबाट सामान्य सम्भावनायुक्त नमूना छनोट विधिको (चिठ्ठा पद्धति)को आधारमा एकवटा स्रोत केन्द्र छनोट गरिएको थियो ।

**३.३.३. विद्यालयको छनोट**

एकवटा स्रोत केन्द्र अन्तर्गत मा.वि. तहका विद्यालयहरुको सूचिबाट सामान्य सम्भावनायुक्त नमूना छनोट विधिको (चिठ्ठा पद्धति)को आधारमा सो स्रोतकेन्द्रबाट एक माध्यमिक विद्यालय मात्र छनोट गरिएको थियो ।

**३.३.४. सूचना दाताहरुको छनोट**

सूचनादाताहरुको छनोट निम्नानुसार गरिएको थियो ।

क) जि.शि.अ.: विद्यालय हस्तान्तरण र त्यसको प्रभावकारीता सम्बन्धी विभिन्न सूचना लिन उक्त जिल्लाका जि.शि.अ.लाई सूचनादाताको रुपमा छनोट गरिएको थियो ।

ख) स्रोत व्यक्ति : छनोटमा परेका स्रोतकेन्द्रका स्रोत व्यक्तिलाई सूचनादाताको रुपमा छनोट गरिएको थियो ।

ग) शि.अ.सं. अध्यक्ष : छनोटमा परेका विद्यालयका शि.अ.सं.को अध्यक्षलाई सूचनादाताको रुपमा छनोट गरिएको थियो ।

घ) वि.व्य.स. अध्यक्ष : छनोटमा परेका विद्यालयका वि.व्य.स. अध्यक्षलाई सूचनादाताको रुपमा छनोट गरिएको थियो ।

ङ) अभिभावक : छनोटमा परेका विद्यालयमा पढ्ने विद्यार्थीहरुका अभिभावकहरुको नामावली सूचीबाट पाँच जना पुरुष र पाँच जना महिला अभिभावकहरुको छनोट सामान्य सम्भावनयुक्त नमूना छनोट विधिको (चिट्ठा पद्धति)को आधारमा गरिएको थियो ।

च) प्रधानाध्यापक : छनोटमा परेका विद्यालयका प्रधानाध्यापकलाई सूचनादाताको रुपमा छनोट गरिएको थियो ।

छ) शिक्षक : छनोटमा परेका विद्यालयमा कार्यरत शिक्षक मध्ये सामान्य सम्भावनायुक्त नमूना छनोट विधिको (चिट्ठा पद्धतिको) आधारमा ३ जना शिक्षकहरु छनोट गरिएको थियो ।

ज) विद्यार्थी : छनोटमा परेका विद्यालयको १० कक्षाका विद्यार्थीहरुको नामावली सूचीबाट वर्गीकृत सम्भावनायुक्त विधिबाट तीन जना छात्र र तीन जना छात्राको छनोट गरिएको थियो ।

माथि उल्लेखित सूचनादाताहरुको छनोटलाई निम्न तालिकामा समेटेर देखाइएको छ ।

**तालिका नं ३.१**

**नमूना छनोट संख्यात्मक विवरण**

| क्र.सं. | सूचनादाताहरुको विवरण | छनोट हुने जम्मा संख्या | कैफियत |
|---|---|---|---|
| १ | जि.शि.अ | १ जना | |
| २ | स्रोत व्यक्ति | १ जना | |
| ३ | शि.अ. सं. अध्यक्ष | १ जना | |
| ४ | वि.व्य.स. अध्यक्ष | १ जना | |
| ५ | अभिभावक (महिला/पुरुष) | १० जना | |
| ६ | प्र.अ. | १ जना | |
| ७ | शिक्षक | ३ जना | |
| ८ | विद्यार्थी (छात्र/छात्रा) | ६ जना | |
| | जम्मा | २३ जना | |

### ३.४. साधनहरुको निर्माण तथा प्रयोग

यस अध्ययनमा लिइएका उद्देश्यहरु परिपूर्ति गर्नका लागि आवश्यक पर्ने सूचना तथा जानकारीको लागि निम्न साधनहरु प्रयोग गरिएका थिए ।

**३.४.१. खुल्ला अन्तर्वाता सूचि :** समुदायद्वारा विद्यालय व्यवस्थापन जिम्मा लिएपछि विद्यालयको लगानी, प्रक्रिया र उत्पादनमा देखिएका परिवर्तन, विद्यालय व्यवस्थापनमा देखिएका समस्या तथा समुदाय र विद्यालयको आपसी सम्बन्धसँग सम्बन्धित सूचना संकलन गर्न अध्यक्ष, प्र.अ., शिक्षक, विद्यार्थी तथा

अभिभावकहरुका लागि छुट्टाछुट्टै खुला अन्तर्वार्ता सूचि निर्माण गरी प्रयोग गरिएको थियो (अनुसूचि २ देखि ६ सम्म) ।

**३.४.२. खुल्ला प्रश्नावली :** समुदायिक विद्यालय व्यवस्थापन लिनु यता विद्यालयका लगानी, प्रक्रिया र उत्पादनमा देखिएका परिवर्तन, समस्या र चुनौति आदि सम्बन्धि सूचना संकलन गर्न जि.शि.अ. तथा स्रोत व्यक्तिका लागि खुल्ला प्रश्नावली निर्माण गरी अनुसन्धानकर्ता स्वयमद्वारा जि.शि.का तथा सम्बन्धित विद्यालयमा गएर संकलन गरिएको थियो । यसलाई अनुसूचि १ मा राखिएको छ ।

**विद्यालय सर्वेक्षण फारम :**

विद्यार्थी भर्ना, उपस्थिति, उत्तीर्ण दर, कक्षा छोड्ने दर र दोहोर्‍याउने दर तथा शैक्षिक उपलब्धिस्तर आदि विद्यार्थीसँग सम्बन्धित तथ्यांक संकलन गर्न शै.व. २०६० देखि २०६७ सम्मको विद्यार्थी अभिलेख संकलन गरिएको थियो ।

शिक्षकको संख्या, महिला शिक्षकको संख्या, तालिम प्राप्त शिक्षकको संख्या र औषत उपस्थिति आदि शिक्षक सम्बन्धि सूचना संकलन गर्न शै.व. २०६० देखि २०६७ सम्मको शिक्षक अभिलेख संकलन गरिएको थियो ।

त्यस्तै विद्यालयको लगानी, प्रक्रिया र उत्पादनसँग सम्बन्धित सूचना संकलन गर्न शै.व. २०६० देखि २०६७ सम्मको विद्यालय अभिलेख संकलन गरिएको थियो ।

**३.५. सधानको वैद्यता**

तथ्यांक संकलनको लागि साधनको निर्माण गरिसकेपछि आफ्ना सहपाठी साथीहरु बिच आपसी छलफल गरी तिनीहरुको सुझावको आधारमा संशोधन एवम् परिमार्जन गरी मस्यौदा तयार गरिएको थियो । सो तयार प्रश्नावलीलाई शोध  निर्देशकसँग छलफल गरी प्राप्त राय सुझाव अनुसार पूनः परिमार्जन गरी अन्तिम रुप दिइएको थियो ।

**३.६. सूचना संकलन प्रक्रिया**

सूचना संकलनका क्रममा अनुसन्धानकर्ता स्वयम् जि.शि.का उदयपुर गई शिष्ट, नम्र र हार्दिकतापूर्वक आफ्नो परिचय र उद्देश्य बारे प्रष्ट पारी आवश्यक तथ्यांक तथा सूचना उपलब्ध गरिदिन अनुरोध गरिएको थियो । जि.शि.अ. तथा स्रोत व्यक्तिबाट भरिएको प्रश्नावली साथै जि.शि.अ.ले उपलब्ध गराएको सामुदायिक विद्यालयहरुको नामावलीबाट अध्ययनको लागि विद्यालय छनोट गरी सम्बन्धित विद्यालयहरुमा पुगी आफ्नो र अनुसन्धान विषयको परिचय, उद्देश्य, आफूलाई आवश्यक सूचना, संकलन प्रक्रिया आदि बारे अवगत गराई सूचना संकलनको लागि मिति र समय तय गरिएको थियो । सूचनादाताको रुपमा अध्यक्ष, प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकहरुलाई छनोट गरी उनीहरुलाई

आफ्नो र अनुसन्धानको परिचय, उद्देश्य एवम् अध्ययन विषयको गम्भिरताबारे जानकारी दिँदै निस्पक्ष रुपमा सत्य, तथ्य सूचना उपलब्ध गराउन आग्रह गरी मित्रवत् व्यवहारको माध्यमबाट उनीहरुले बुझ्ने भाषाको प्रयोग गर्दै बढी भन्दा बढी सूचना संकलन गर्ने प्रयत्न गरिएको थियो  र तथ्यांक संकलनका लागि प्राथमिक र द्वितीय दुवै स्रोतको प्रयोग गरिएको थियो ।

**क) प्राथमिक स्रोत** : यस अन्तर्गत नमूना छनोटको रुपमा परेका विद्यालय जि.शि.अ., सम्बन्धित स्रोत व्यक्ति, शि.अ.सं अध्यक्ष, वि.व्य.स., अभिभावक, प्र.अ., शिक्षक तथा विद्यार्थीलाई लिइएको थियो ।

**ख) द्वितीय स्रोत** : यस अध्ययनमा द्वितीय स्रोतको रुपमा विद्यालय अभिलेख र दस्तावेज प्रयोग गरिएको थियो ।

### ३.७ तथ्यांकको विश्लेषण प्रक्रिया

यस अध्ययनको लागि आवश्यक पर्ने सम्पूर्ण तथ्यांकहरु संकलन गरिसकेपछि संकलित तथ्यांकलाई विभिन्न समूहमा व्याख्या विश्लेषण गरिएको थियो । सम्पूर्ण सूचनाहरु संकलन गरिसकेपछि ती सूचनाहरुलाई परिमाणात्मक र गुणात्मक रुपमा विश्लेषण र व्याख्या गरी आवश्यक प्रश्नावली यसै रिपोर्टको अन्तिममा अनुसूचिको रुपमा राखि विभिन्न पक्षमा प्राप्त परिणामको आधारमा सारांश, प्राप्ति र निष्कर्ष निकाली आवश्यक सुझाव सहित रिपोर्ट तयार गरिएको थियो ।

### ३.८ नैतिक पक्ष

यो अध्ययन अनुसन्धानको सूचना संकलन गर्नु भन्दा अगाडि उत्तरदातालाई अध्ययनको उद्देश्यबारेमा स्पष्ट पारिएको थियो । तथ्यांक संकलनको लागि सौहार्द वातावरण सृजना गरी सूचनाको गोपनियता कायम राख्ने सम्बन्धमा विश्वस्त तुल्याइएको थियो । उनीहरुको समयको महत्वलाई सुविधाजनक तवरले समय मिलाइएको थियो । त्यस्तै प्राप्त सूचनालाई अनुसन्धानको नीतिगत आधार भित्र रहेर व्याख्या, विश्लेषण तथा प्रस्तुत गर्ने प्रयास गरिएको थियो ।

# अध्याय चार

## तथ्यांकको विश्लेषण र व्याख्या

अनुसन्धान कार्यको लागि सम्बन्धित सूचनाहरुलाई संगठित गर्ने, निश्चित क्रममा मिलाउने, व्यवस्थित गर्ने तथा सूचनाहरुले दिएको अर्थको व्याख्या गर्ने कार्यलाई तथ्यांकको विश्लेषण र व्याख्या भनिन्छ ।

यो अध्ययन समुदायमा हस्तान्तरण भएका विद्यालयमा देखिएका परिवर्तनहरु पत्ता लगाउनुसँग सम्बन्धित छ । यस अध्ययनमा (अनुसन्धानमा) विभिन्न स्रोत र तरिकाहरुबाट संकलित सूचनाहरुको प्रस्तुति, व्याख्या र विश्लेषण गुणात्मक तथा परिमाणात्मक विधिबाट गरिएको छ । एवम् प्रथम अभिलेख अध्ययन, प्रश्नावली र अन्तर्वार्ताको माध्यमबाट प्राप्त गुणात्मक र परिमाणात्मक सूचनाहरुलाई तिनीहरको विषय, प्रकृति र क्षेत्र अनुसार वर्गीकरण गरी प्रत्येक वर्गका सूचनाहरुको व्याख्यात्मक तथा संख्यात्मक विधिबाट विश्लेषण गरिएको छ । परिमाणात्मक सूचनाहरुलाई तालिकीकरण गरी औसत्मा प्रतिशतमा र सम्भव भएसम्म ग्राफमा पनि प्रस्तुत गरिएको छ ।

### ४.१. समुदायमा हस्तान्तरण भएका विद्यालय प्रणालीमा देखिएका परिवर्तनहरु

अध्ययनको लागि नमूना छनोटमा परेका विद्यालय र स्रोत केन्द्रको विवरण तल तालिकामा प्रस्तुत छ ।

**तालिका नं ४.१.**

**छनोटमा परेका विद्यालयको विवरण**

| सि.न. | विद्यालयको नाम र ठेगाना | सम्बन्धित स्रोत केन्द्र | विद्यालय स्थापना मिति | सदरमुकामबाट दुरी | व्यवस्थापन जिम्मा लिएको मिति |
|---|---|---|---|---|---|
| १ | श्री सत्यदेवी मा.वि., त्रियुगा न.पा. ७, भुल्के, उदयपुर | देउरी | वि.सं. २०४४ | ४ किमि | वि.सं. २०६३/११/२६ |

समग्रमा अध्ययन जिल्ला उदयपुरलाई समग्रमा हेर्दा प्रारम्भमा शै.स. २०६० मा जल्केनि मा.वि. डुम्रेले प्राथममिक तहको वि.स. २०६०/०८/१४ मा सम्झौता गरि समुदायले विद्यालय व्यवस्थापन जिम्मा लिन शुरु गरेदेखि वि.सं. २०६५ भाद्र सम्ममा १७३ वटा र २०६७/१०/१० सम्ममा ४१५ वटा गरी २०६७/१०/१० सम्मको अधिकतम् संख्यामा व्यवस्थापन जिम्मा लिएका शीर्ष १० जिल्लाको सूचिमा उदयपुर तेस्रो स्थानमा रहेको पाइन्छ ।

यसैगरी नमूनामा परेको विद्यालय श्री सत्यदेवी मा.वि. उदयपुर जिल्ला अन्तर्गत त्रियुगा नगरपालिका वडा नं ७ मा अवस्थित छ । यसको स्थापना वि.सं. २०४४ सालमा भइ वि.सं. २०६३/११/२३ मा समुदायमा हस्तान्तरण भएको थियो । यो विद्यालय सदरमुकाम गाइघाट देखि ४ कि.मी टाढा दूरी अन्तर्गत देउरी स्रोतकेन्द्रमा रहेको देखिन्छ ।

अध्ययनको लागि छनोटमा परेको विद्यालयका लगानी, प्रक्रिया र उत्पादन तथा समुदाय र विद्यालयको आपसी सम्बन्धसँग सम्बन्धित परिवर्तनहरु र विद्यालय व्यवस्थापनमा देखा परेका समस्याहरुको विश्लेषण र विवेचना गरी समुदायद्वारा व्यवस्थापन जिम्मा लिनुअघि र पछिका प्रत्येक चार चार शैक्षिक सत्रको संख्यात्मक तथ्यांकको शैक्षिक सत्रगत रुपमा जम्मा अंक तथा औसतांक पत्ता लगाई व्यवस्थापन जिम्मा लिएको वर्ष (शै.स. २०६३) को तथ्यांकसँग चार वर्षपछि (शै.स. २०६७) को तथ्यांक तुलना गरी प्रत्येक सूचनामा देखिएको परिवर्तनहरुलाई प्रतिशतमा प्रस्तुत गरिएको छ भने प्रश्नावली र अन्तर्वार्ताको माध्यमबाट प्राप्त विवरणात्मक सूचनाहरुलाई तिनीहरुको प्रकृति, विषय र क्षेत्र अनुसार तालिकीकरण गरी विश्लेषण गरिएको छ ।

### ४.१.१. समुदायमा हस्तान्तरण भएको विद्यालयका लगानीमा देखिएका परिवर्तनहरु

यस अध्ययनमा लगानी भन्नाले कार्यक्रमको उद्देश्य प्राप्त गर्नका लागि लगाइने श्रम, सीप, साधन, समय तथा बजेट आदि हो ।

अभिलेख र दस्तावेज अध्ययन तथा प्रश्नावली र अन्तर्वार्ताको माध्यमबाट प्राप्त सूचनाहरुको विश्लेषण र विवेचना गर्दा समुदायद्वारा व्यवस्थापन जिम्मा लिएपछि लगानीमा देखिएका परिवर्तनहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका नं ४.२.

### समुदायमा हस्तान्तरण भएका विद्यालयको लगानीमा देखिएको परिवर्तनहरु

| क्र.सं. | परिवर्तनका सुचकहरु | | व्यवस्थापन जिम्मा लिनु अघि | | | | व्यवस्थापन जिम्मा लिए पछि | | | | औ बृ प्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०६० | २०६१ | २०६२ | २०६३ | २०६४ | २०६५ | २०६६ | २०६७ | |
| १ | शिक्षक संख्या | | 7 | 8 | 9 | 10 | 13 | 14 | 16 | 17 | 70 |
| | शिक्षक | | 1 | 2 | 2 | 3 | 4 | 4 | 5 | 5 | 67 |
| | शिक्षिक | | 6 | 6 | 7 | 7 | 9 | 10 | 11 | 12 | 71 |
| २ | विद्यार्थी भर्ना प्रवृत्ति | छात्रा भर्ना संख्या | 151 | 193 | 183 | 202 | 219 | 243 | 259 | 299 | 10 |
| | | छात्र भर्ना संख्या | 138 | 133 | 159 | 172 | 171 | 183 | 188 | 281 | 63 |
| ३ | भौतिक सुविधा | कक्षाकोठा संख्या | 7 | 8 | 8 | 10 | 12 | 16 | 15 | 18 | 80 |
| | | शौचालय संख्या | 1 | 1 | 2 | 2 | 3 | 4 | 5 | 6 | 20 |
| | | फर्निचर संख्या | 80 | 96 | 98 | +98 | 112 | 112 | 115 | 190 | 63 |
| | | प्रयोगशाला कोठा | | | | | | 1 | 1 | 1 | 10 |
| ४ | पाठ्यक्रम र पाठ्यपुस्तक | पुस्तकालय कोठा | | | | | | | 1 | 1 | 10 |
| ५ | बजेट | निजी शिक्षक संख्या | 2 | 3 | 3 | 3 | 4 | 4 | 4 | 4 | 33 |
| | | राहत शिक्षक संख्या | | | 1 | 1 | 3 | 4 | 6 | 7 | 60 |
| | | दरवन्दि ( सरकारी) शिक्षक संख्या | 5 | 5 | 5 | 6 | 6 | 6 | 6 | 6 | 0 |
| | | जि.शि.का.बाट एकमुष्ठ शिक्षा अनुदान | 1 nfv | | | 1=5 nfv | 3 nfv | 8=25 nfv | 1=3 nfv | 7 nfv | 30 |
| | | न.पा.बाट एकमुष्ठ शिक्षा अनुदान | | 36 xhf/ | 1 nfv | | 1 nfv | 2 nfv | 5 nfv | 3 nfv | 10 |
| | | अभिभावकबाट प्राप्त चन्दा सहयोग | | 15,000 | 30,000 | 60,000 | 74,400 | 86,000 | 91,216 | 1,67000 | 72 |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

माथि उल्लेखित तथ्यांकलाई निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ।

**क) शिक्षक संख्यामा देखिएको परिवर्तन**

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि विद्यालयमा शिक्षकको संख्या क्रमशः बढ्दै गएको पाइयो । विद्यालय व्यवस्थापन समुदायले जिम्मा लिँदा १० जना शिक्षक शिक्षिका थिए जस अन्तर्गत ७ जना शिक्षक र ३ जना शिक्षिका रहेका थिए। यो क्रम बढ्दै गएर शै.स. २०६७ मा १२ जना

शिक्षक र ५ जना शिक्षिका गरी १७ जना शिक्षक, शिक्षिकाको संख्या पूगी समग्रमा २०६३-२०६७ को तुलना गर्दा औसत ६९ प्रतिशतले बृद्धि भएको देखिन्छ (अनुसूचि ७) ।

**ख) विद्यार्थी भर्ना प्रवृत्तिमा देखिएको परिवर्तन**

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि विद्यालयमा छात्रा भर्ना २०२ देखि २९९ सम्म (१० प्रतिशत)ले छात्र भर्ना १७२ देखि २८१ सम्म (६३ प्रतिशत) गरी समग्रमा ३७ प्रतिशतले छात्रा/छात्रहरुमा भर्ना बृद्धि भएको पाइयो ।

**ग) भौतिक सुविधामा देखिएको परिवर्तन**

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि विद्यालयको भौतिक सुविधा अन्तर्गत कक्षाकोठा संख्या १० देखि १८ (८० प्रतिशत), शौचालय संख्या २ देखि ६ (२०० प्रतिशत), फर्निचर संख्या ९८ देखि १९० ओटा (६३ प्रतिशत) र प्रयोगशाला कोठा संख्या शतप्रतिशत गरी समग्रमा १११ प्रतिशतले भौतिक सुविधामा बृद्धि भएको पाइयो ।

**घ) पाठ्यक्रम र पाठ्यपुस्तकमा देखिएको परिवर्तन**

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि पाठ्यक्रममा सुधार देखिएको छ । जस अन्तर्गत शै.व. २०६७ देखि कक्षा १ मा अंग्रेजी भाषालाई अनिवार्य पठनपाठनको रुपमा लागू गरिएको पाइयो भने विद्यालयमा पाठ्यपुस्तक तथा पठनीय सान्दर्भिक स्रोतको भण्डारणका लागि शै.व. २०६६ मा १ कोठे पुस्तकालय निर्माण गरिएको देखिन्छ । त्यसैगरी विद्यार्थीको प्रयोगात्मक ज्ञान हासिल गराउनका लागि व्यवस्थापन हस्तान्तरण गर्नु अघि प्रयोगशाला कोठा थिएन भने व्यवस्थापन पछि शै.स. २०६५ मा एकवटा प्रयोगशाला कोठाको निर्माण गरी समग्रमा पाठ्यक्रम र पाठ्यपुस्तकमा बृद्धि भएको देखिन्छ ।

**ङ) बजेटमा देखिएको परिवर्तन**

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि बजेटमा पनि सुधार भएको देखिन्छ । बजेट भन्नाले विद्यालयको कार्यसञ्चालन गर्न आवश्यक आर्थिक लगानी हो जस अन्तर्गत निजी दरवन्दीका शिक्षक शिक्षिकाको संख्या बढ्दै जानु पनि लगानी गरिने बजेटको मात्रा बृद्धि हुनु हो । राहत कोटा र दरवन्दी शिक्षकको लागि पनि कुनै पनि निकायबाट बजेट अनिवार्य हुन्छ नै । यस अध्ययनका व्यवस्थापन पश्चात कोटा बृद्धि हुँदै गएको देखिन्छ । जसले गर्दा बजेटको दायरा बृद्धि भएको देखिन्छ । समग्रमा नीजि शिक्षक संख्या ३१ प्रतिशत, राहत शिक्षक संख्या ६०० प्रतिशत, सरकारी दरवन्दीका शिक्षक संख्या ० प्रतिशत, जि.शि.का.बाट एक मुष्ठ शिक्षा अनुदान  ३६.७ प्रतिशत, न.पा.बाट एकमुष्ठ शिक्षा अनुदान १०० प्रतिशत र अभिभावकहरुबाट प्राप्त चन्दा सहयोगमा ७२ प्रतिशत गरी औसतमा १९५ प्रतिशतले बजेटमा बृद्धि भएको पाइयो ।

### ४.१.२. समुदायमा हस्तान्तरण भएको विद्यालयको प्रक्रियामा देखिएका परिवर्तनहरु

यस अध्ययनमा प्रक्रिया भन्नाले कार्यक्रमको उद्देश्य प्राप्त गर्नको लागि तिनीहरुको परिचालन, निरिक्षण, अनुगमन, सँगै समुदाय र विद्यालयको आपसी सम्बन्धमा आइरहको परिवर्तन तथा सुधारको निरन्तरता हो ।

अभिलेख र दस्तावेज अध्ययन तथा प्रश्नावली र अन्तर्वार्ताको माध्यमबाट प्राप्त सूचनाहरुको विश्लेषण र विवेचना गर्दा समुदायद्वारा व्यवस्थापन जिम्मा लिएपछि प्रक्रियामा देखिएका परिवर्तनहरु तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं ४.३.**

**समुदायमा हस्तान्तरण भएका विद्यालयको प्रक्रियामा देखिएका परिवर्तनहरु**

| परिवर्तनका सुचकहरु | | व्यवस्थापन जिम्मा लिनु अघि | | | | व्यवस्थापन जिम्मा लिए पछि | | | | औसत बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६० | २०६१ | २०६२ | २०६३ | २०६४ | २०६५ | २०६६ | २०६७ | |
| प्रशासनिक व्यवस्था | वि.व्य.स.को बैठक संख्या (पटक) | 2 | 4 | 4 | 5 | 5 | 7 | 8 | 10 | 50 |
| | शि.अ.सं.को बैठक (पटक) | 1 | 2 | 2 | 3 | 4 | 4 | 4 | 5 | 66 |
| | अभिभावक भेला (पटक) | 1 | 1 | 2 | 2 | 3 | 3 | 4 | 6 | 200 |
| | सा.ले.प गराएको (पटक) | 1 | 1 | 1 | 1 | 1 | 1 | 1 | 2 | 100 |
| शैक्षिक व्यसस्था | विद्यालय खुलेको दिन (औसत) | 205 | 207 | 214 | 216 | 218 | 220 | 222 | 223 | 4 |
| | शिक्षकको उपस्थिति (औसत) | 175 | 178 | 180 | 182 | 198 | 200 | 205 | 208 | 14 |
| | तालिम प्राप्त शिक्षकको संख्या (औसत) | 3 | 3 | 4 | 6 | 7 | 10 | 12 | 14 | 250 |
| शिक्षण सिकाइ प्रक्रिया | पठनपाठन भएको दिन | 180 | 186 | 189 | 191 | 196 | 197 | 200 | 202 | 05 |
| | अतिरिक्त क्रियाकलाप संचालन (पटक) | 7 | 8 | 9 | 9 | 11 | 15 | 17 | 18 | 100 |
| | मूल्यांकन प्रक्रिया | cw{jflif{s, jflif{s k/LIff | | | | clgjfo{ u[xsfo{, P]sfO, q}dfl;s, cw{jflif{s / jflif{s k/LIff | | | | |
| विद्यार्थी उपस्थिति | छात्रा औसत उपस्थिति दिन | 139 | 132 | 142 | 143 | 145 | 144 | 146 | 148 | 4 |
| | छात्रा औसत उपस्थिति दिन | 140 | 136 | 143 | 145 | 148 | 149 | 152 | 143 | 6 |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

माथि उल्लेखित तथ्यांकलाई निम्नानुसार व्याख्या तथा विश्लेषण गरिएको छ ।

**क) प्रशासनिक व्यवस्थामा देखिएको परिवर्तन**

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि विद्यालयको प्रशासनिक व्यवस्था अन्तर्गतको वि.व्य.स.को बैठक ५ देखि १० पटक सम्म (१०० प्रतिशत), शि.अ.सं. को बैठक ३ देखि ५ (६६ प्रतिशत), अभिभावक भेला २ देखि ६ (२०० प्रतिशत) र सा.ले.प. १ देखि २ पटक (१०० प्रतिशत) गरी समग्र औसतमा (१०४ प्रतिशत)ले प्रशासनिक व्यवस्था कार्यक्रममा सुधार भएको पाइयो । यसैगरी हस्तान्तरण अघि विद्यालय भर्ना हुन नसकेका बालबालिकालाई विद्यालयमा भर्ना गराउन कुनै पनि कार्यक्रम र प्रयास गरिँदैन थियो भने हस्तान्तरण पछि घरदैलो कार्यक्रम गरिने गरेको पाइयो ।

**खं शैक्षिक व्यवस्थापनमा देखिएको परिवर्तन**

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि विद्यालयको शैक्षिक व्यवस्था अन्तर्गत विद्यालय खुलेको दिन ११६ देखि २२३ सम्म (४ प्रतिशत), विद्यालयमा शिक्षकको उपस्थिति १८२ देखि २०८ सम्म (१४ प्रतिशत) र प्रभावकारी शैक्षिक व्यवस्थाको मेरुदण्ड तालिम प्राप्त शिक्षकलाई प्राथमिकता दिँदै ६ जनादेखि १४ जना सम्म (२५० प्रतिशत) गरी समग्र औसत ८९ प्रतिशतले शैक्षिक व्यवस्थामा परिवर्तन आएको पाइयो ।

**गं) शिक्षण सिकाइ प्रक्रियामा देखिएको परिवर्तन**

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि विद्यालयको शिक्षण सिकाइ प्रक्रिया अन्तर्गत पठन पाठन भएको दिन १९१ देखि २०२ सम्म ५ प्रतिशत तथा अतिरिक्त क्रियाकलाप सञ्चालन पटक ९ देखि १९ पटक सम्म शतप्रतिशत बृद्धि भएको पाइयो । यसैगरी प्रभावकारी शिक्षण सिकाईको लागि निर्माणात्मक र निर्णयात्मक मूल्यांकनले पनि महत्वपूर्ण भूमिका खेल्ने भएकाले हस्तान्तरण अघि निर्माणात्मक मूल्यांकन अर्धवार्षिक मात्र हुने गरेकोमा हस्तान्तरण पश्चात अनिवार्य गृहकार्य, एकाई, त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षा सञ्चालन गरी मूल्यांकन प्रक्रियालाई उल्लेखनीय सुधार गरेको पाइयो ।

**घ) विद्यार्थी उपस्थितिमा देखिएको परिवर्तन**

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि विद्यालयको विद्यार्थी उपस्थिति अन्तर्गत छात्रा औसत उपस्थिति १४३ दिन देखि १४८ दिनसम्म (४ प्रतिशत), र छात्र औसत उपस्थिति १४५ दिनदेखि १५३ दिनसम्म (६ प्रतिशत) गरी समग्रमा विद्यार्थी उपस्थिति ५ प्रतिशतले बृद्धि भएको पाइयो ।

**४.१.३. समुदायमा हस्तान्तरण भएका विद्यालयको उत्पादनमा देखिएका परिवर्तनहरु**

यस अध्ययनमा उत्पादन भन्नाले परिचालन गरिएका श्रम, सीप, साधन र बजेट आदिले गर्दा देखिएको असर, परिवर्तन, परिणाम, सुधार, उपलब्धि तथा विकास हो ।

अभिलेख र दस्तावेज अध्ययन तथा प्रश्नावली र अन्तर्वार्ताको माध्यमबाट प्राप्त सूचनाहरुको विश्लेषण र विवेचना गर्दा समुदायद्वारा व्यवस्थापन जिम्मा लिएपछि उत्पादनमा देखिएका परिवर्तनहरु तल प्रस्तुत छ।

**तालिका नं ४.४.**

**समुदायमा हस्तान्तरण भएका विद्यालयको उत्पादन अन्तर्गत विद्यार्थी उपलब्धिमा देखिएका परिवर्तनहरु**

| परिवर्तनका सुचकहरु | | व्यवस्थापन जिम्मा लिनु अघि | | | | व्यवस्थापन जिम्मा लिए पछि | | | | औसत बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६० | २०६१ | २०६२ | २०६३ | २०६४ | २०६५ | २०६६ | २०६७ | |
| | छात्र उत्तीर्ण दर | 56 | 61 | 66 | 75 | 77 | 89 | 92 | 94 | 89 |
| | छात्रा उत्तीर्ण दर | 60 | 65 | 69 | 77 | 79 | 88 | 94 | 96 | 25 |
| | छात्रा कक्षा छोड्ने दर (%) | 15 | 10 | 8 | 8 | 5 | 4 | 3 | 2 | 75 sdL |
| | छात्र कक्षा छोड्ने दर (%) | 10 | 8 | 6 | 6 | 4 | 3 | 2 | 0 | 100 sdL |
| विद्यार्थी उपलब्धि | छात्रा कक्षा दोहोऱ्याउने दर (%) | 14 | 13 | 12 | 9 | 8 | 5 | 2 | 2 | 78 sdL |
| | छात्र कक्षा दोहोऱ्याउने दर (%) | 15 | 14 | 12 | 8 | 8 | 3 | 2 | 1 | 88 sdL |
| | विषयगत शैक्षिक उपलब्धि स्तर | 36 | 38 | 38 | 42 | 46 | 52 | 56 | 58 | 38 |
| | कक्षागत शैक्षिक उपलब्धि स्तर | 39 | 41 | 41 | 45 | 49 | 54 | 58 | 60 | 33 |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

प्राप्त सूचनालाई निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ ।

**क) विद्यार्थी उपलब्धिमा देखिएको परिवर्तन**

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि विद्यार्थी उपलब्धि अन्तर्गत छात्र उत्तीर्ण दर ७५ देखि ९४ सम्म (८९ प्रतिशत), छात्रा उत्तीर्ण दर ७७ देखि ९६ सम्म (२५ प्रतिशत) गरी औसत ५७ प्रतिशतले बृद्धि भएको पाइयो । यसैगरी छात्रा कक्षा छोड्ने दर ८ देखि २ सम्म (७५ प्रतिशत) र छात्र ६ देखि ० सम्म (१०० प्रतिशत) गरी समग्रमा ८७ प्रतिशतले कमी आएको पाइयो । पुनः विद्यार्थी उपलब्धि अन्तर्गत छात्रा कक्षा दोहोऱ्याउने दर ९ देखि २ सम्म (७८ प्रतिशत) र छात्रको ८ देखि १ सम्म (८८ प्रतिशत)ले कमी आइ औसतमा ८३ प्रतिशतले घटेको पाइयो । त्यसैगरी विषयगत शैक्षिक उपलब्धि ४२

देखि ५८ सम्म (३८ प्रतिशत) र कक्षागत शैक्षिक उपलब्धि स्तर ४५ देखि ६० सम्म (३३ प्रतिशत) गरी समग्रमा ३५ प्रतिशतले विषयगत र शैक्षिक उपलब्धि बृद्धि भएको पाइयो ।

### ख) भौतिक विकास अन्तर्गत देखिएको भौतिक सुधार

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि विद्यालयको भौतिक सुविधा अन्तर्गत कक्षाकोठा संख्या १० देखि १८ सम्म (८० प्रतिशत), शौचालय संख्या २ देखि ६ सम्म (२०० प्रतिशत), फर्निचर संख्या (ओटा) ९८ देखि १९० सम्म (६३ प्रतिशत) र प्रयोगशाला कोठा संख्या सतप्रतिशत गरी समग्रमा १११ प्रतिशतले भौतिक सुविधामा बृद्धि भएको पाइयो (तालिका नं ४.२.) ।

**तालिका नं ४.५.**

**भौतिक विकासमा देखिएको परिवर्तनहरु**

| क्र.सं. | परिवर्तनका सुचकहरु | व्यवस्थापन जिम्मा लिनु अघि | | | | व्यवस्थापन जिम्मा लिए पछि | | | | औसत बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०६० | २०६१ | २०६२ | २०६३ | २०६४ | २०६५ | २०६६ | २०६७ | |
| | | कक्षाकोठा संख्या | 7 | 8 | 8 | 10 | 12 | 16 | 15 | 18 |
| | भौतिक सुविधा | शौचालय संख्या | 1 | 1 | 2 | 2 | 3 | 4 | 5 | 6 |
| | | फर्निचर संख्या | 80 | 96 | 98 | +98 | 112 | 112 | 115 | 190 |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

### ग) भौतिक विकास अन्तर्गत आर्थिक पक्षमा देखिएको परिवर्तन

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि विद्यालयको आय व्यय वही जिन्सी अभिलेख र अन्य सम्बन्धित दस्तावेजको अध्ययन तथा सरोकारवाला व्यक्तिहरुले भर्नुभएको प्रश्नावली र अन्तर्वार्ताको माध्यमबाट प्राप्त सूचनाहरुको विश्लेषण र विवेचनाबाट आर्थिक पक्षमा देखिएको परिवर्तन तलको तालिकामा प्रस्तुत छ ।

**तालिका नं ४.६.**

**समुदायमा हस्तान्तरण भएका विद्यालयको उत्पादन अन्तर्गत आर्थिक पक्षमा देखिएको परिवर्तन**

| परिवर्तनको पक्ष | उत्तरदाताहरुको संख्या र प्रतिशत | | | | जम्मा |
|---|---|---|---|---|---|
| | स्रो. व्य., वि.व्य.स. अध्यक्ष, शि.अ.सं. अध्यक्ष, प्र.अ. | शिक्षक | विद्यार्थी | अभिभावक | संख्या (प्रतिशत) |
| उत्तरदाताको जम्मा संख्या | 4 | 3 | 6 | 10 | 23 |
| आन्तरिक आर्थिक स्रोतको परिचालनमा बृद्धि | 3 | 2 | 4 | 7 | 16 -70) |
| चन्दा संकलनबाट आयआर्जनमा बृद्धि | 2 | 2 | 5 | 6 | 15 -65) |
| होली, भैलो, देउसीबाट आयआर्जनमा बृद्धि | 3 | 1 | 5 | 7 | 16 -70) |
| स्थानीय संघसंस्थाबाट प्राप्त हुने आर्थिक सहयोगमा बृद्धि | 2 | 2 | | 3 | 7 -30) |
| विद्यालयको आफ्नो जग्गा जमिनमा रहेको खरघाँस, रुख, ढुङ्गाको विक्रीबाट आम्दानीमा बृद्धि | 3 | 1 | 3 | 7 | 14 -61) |
| जि.शि.का.बाट प्राप्त प्रोत्साहन अनुदान र राहत कोटाले विद्यालयलाई आर्थिक रुपमा टेवा प्राप्त | 4 | 3 | | 3 | 10 -43) |
| विद्यालयको समग्र आर्थिक स्थितिमा सुधार भएको | 2 | 2 | | 4 | 8 -35) |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

अन्तर्वार्ता र प्रश्नावलीको माध्यमबाट प्राप्त भएको उपरोक्त सूचनाहरुको आधारमा विद्यालयको आर्थिक पक्षमा देखिएको परिवर्तनलाई निम्न लिखित दुई भागमा विश्लेषण गरिएको छ ।

**क) आन्तरिक आर्थिक स्रोत साधनको परिचालन र व्यवस्थापन**

समुदायद्वारा व्यवस्थापन जिम्मा लिएपछि आन्तरिक आर्थिक स्रोतसाधनको परिचालन र व्यवस्थापनमा सुधार आएको देखिन्छ । विद्यालयको स्थानीय निकाय (नगरपालिका)सँग समन्वय गरी आर्थिक सहयोग प्राप्त गर्ने गरेको, शिक्षक, विद्यार्थी, अभिभावक, मिलेर होली, भैलो, देउसी आदि खेलेर आर्थिक संकलन गर्ने गरेको तथा विद्यालयको स्वामित्वमा रहेको जग्गा जमिनबाट (खरघास, रुख, ढुङ्गा, आदि विक्री गरी) आम्दानी गर्ने गरेको पाइयो ।

**ख) विद्यालयको समग्र आर्थिक स्थिति**

समुदायद्वारा आर्थिक स्रोत साधनको परिचालन गर्दै आउनुले तथा व्यवस्थापन जिम्मा लिँदा पाउने प्रोत्साहन रकम र राहत शिक्षक कोटाले विद्यालयको समग्र आर्थिक स्थितिमा सुधार आएको देखिन्छ । विद्यालय व्यवस्थापन जिम्मा लिनुअघि विद्यालयको आर्थिक स्थिति कमजोर रहेको र विद्यालय व्यवस्थापन जिम्मा लिएपछि आर्थिक स्थितिमा उल्लेखनीय सुधार भई विद्यालयको समग्र आर्थिक स्थिति उत्तम अवस्थामा पुगेको पाइयो ।

## ४.२. समुदाय र विद्यालयको आपसी सम्बन्धमा देखिएको परिवर्तन

विद्यालयको अभिलेख र दस्तावेजको अध्ययन तथा प्रश्नावली र अन्तर्वार्ताद्वारा प्राप्त सूचनाहरुको विश्लेषण तथा विवचेनाबाट समुदाय र विद्यालयको आपसी सम्बन्धमा आएको परिवर्तन तलको तालिकामा प्रष्ट पारिएको छ ।(

**तालिका नं ४.७**
**समुदाय र विद्यालयको आपसी सम्बन्धमा देखिएको परिवर्तन**

| क.सं. | परिवर्तनको पक्ष | उत्तरदाताहरुको संख्या र प्रतिशत | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | स्रो.व्य., वि.व्य.स. अध्यक्ष, शि.अ.सं., अध्यक्ष, प्र.अ. | शिक्षक | विद्यार्थी | अभिभावक | संख्या (प्रतिशत) |
| | उत्तरदाताको जम्मा संख्या | 4 | 3 | 6 | 10 | 23 |
| १ | समुदायमा विद्यालयप्रति अपनत्वको भावना विकास भएको | 3 | 2 | | 5 | 10 -43) |
| २ | विद्यालयको नीति निर्णय र निर्णय प्रक्रियमा समुदायको संलग्नता बढेको | 2 | 2 | 3 | 4 | 11 -48) |
| ३ | विद्यालयप्रति समुदायमा सामुहिक उत्साह जागृत भएको | 3 | 2 | 3 | 2 | 10 -43) |
| ४ | भौतिक पूर्वाधार विकासमा समुदायको सहयोग रहने गरेको | 3 | 2 | 2 | 4 | 11 -48) |
| ५ | वि.व्य.स.को भूमिका र सक्रियता बढेको | 4 | 3 | 4 | 5 | 16 -70) |
| ६ | समुदायमा विद्यालयप्रति उत्तरदायित्वको भावना बढेको | 2 | 2 | — | 5 | 9 -39) |
| ७ | विद्यालयको शैक्षिक, प्रशासनिक, भौतिक र आर्थिक पक्षमा सुधार भएको | 2 | 2 | 4 | 6 | 14 -61) |
| ८ | विद्यालय कार्यक्रम र गतिविधिमा पारदर्शिता बढेको | 3 | 2 | — | 5 | 10 -43) |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

उपरोक्त सम्बन्धमा समुदाय र विद्यालयको सम्बन्धको बारेमा जि.शि.अ.सँग प्रश्न राख्दा वहाँको अभिव्यक्ति सकारात्मक पाइयो । वहाँबाट व्यक्त गरिएको अभिव्यक्ति यस प्रकार थियो ।

- समुदायमा विद्यालयप्रति अपनत्वको भावना विकास भएको,
- विद्यालयको क्रियाकलाप र गतिविधिमा पारदर्शिता बढेको,
- समुदायमा विद्यालयप्रति उत्तरदायित्व र जिम्मेवारीको भावना बढेको,
- विद्यालयको शैक्षिक, प्रशासनिक, भौतिक र आर्थिक पक्षमा सुधार भएको,
- भौतिक पुर्वाधार विकासमा समुदायको सहयोग रहने गरेको,
- वि.व्य.स.को भूमिका र सक्रियता बढेको,
- विद्यायप्रति समुदायमा सामूहिक उत्साह जागृत भएको,
- अधिकांश अभिभावकहरुमा शैक्षिक चेतनाको अभाव रहेको,
- राम्रो काम गर्नेलाई सम्मान र पुरस्कारको व्यवस्था गर्न नसकिएको,
- विद्यालयसँग भरपर्दो, पर्याप्त र स्थायी आर्थिक स्रोतको अभाव भएको ।

माथि भनिए अनुसार सरोकारवाला व्यक्तिहरुले प्रश्नावली र अन्तर्वार्ताको माध्यमबाट व्यक्त गर्नु भएका प्रतिक्रियाहरुको आधारमा समुदाय र विद्यालयको आपसी सम्बन्धमा देखिएको परिवतर्वनलाई निम्नानुसार पाँच भागमा राखी विश्लेषण गरिएको छ :

**क) अपनत्वको भावना**

समुदायद्वारा विद्यालयको व्यवस्थापन जिम्मा लिएपछि विद्यालयको योजना, नीति निर्माण र निर्णय प्रक्रियामा अभिभावकहरुको प्रत्यक्ष संलग्नता रहने गरेको, विद्यालयले अभिभावक भेला र सार्वजनिक लेखा परीक्षण मार्फत समुदायलाई विद्यालयको गतिविधि जानकारी गराउने गरेको, अभिभावकहरुका विद्यालयप्रति सामुहिक उत्साह जागृत भएको तथा विद्यालय परिवार र अभिभावक बीच विद्यालय सम्बन्धी छलफल र अन्तरक्रिया हुने गरेकोले अभिभावकहरुमा विद्यालय हाम्रो हो भन्ने भावना विकसित भई विद्यालय प्रति अपनत्वको भावना जागृत भएको देखिन्छ ।

**ख) सार्थक सहभागिता**

समुदायद्वारा विद्यालयको व्यवस्थापन जिम्मा लिएपछि वि.व्य.स. बैठक, शि.अ.सं. बैठक, अभिभावक भेला लगायत विद्यालयका अन्य कार्यक्रमहरुमा अभिभावकहरुको उत्साहपूर्ण उपस्थिति रहने गरेको, विद्यालय सम्बन्धि छलफल र अन्तक्रियामा अभिभावकहरुले सक्रियताका साथ भाग लिने गरेको, विद्यालय सम्बन्धि नीति निर्माण गर्नु पर्दा र निर्णय लिनुपर्दा अभिभावकहरुको प्रत्यक्ष संलग्नता रहने गरेकोले विद्यालय कार्यक्रमहरुमा अभिभावकहरुको सार्थक सहभागिता रहेको देखिन्छ ।

**ग) विद्यालयमा सहयोग**

समुदायद्वारा विद्यालयको व्यवस्थापन जिम्मा लिएपछि अभिभावकहरुमा विद्यालयप्रति अपनत्वको भावना जागृत भएको, नीति निर्माण र निर्णय प्रक्रियामा अभिभावकहरुको अहम भूमिका रहँदै आएको, अभिभावकहरुमा विद्यालयप्रति सामूहिक उत्साह जागृत भएकोले विद्यालयको भौतिक पूर्वाधार विकास तथा आर्थिक स्रोतको परिचालनमा समुदायको सक्रिय सहयोग रहने गरेको देखिन्छ ।

**घ) पारदर्शिता**

विद्यालय व्यवस्थापन समुदायले जिम्मा लिएपछि विद्यालयको अभिभावक भेला, सार्वजनिक लेखा परीक्षण र अन्य कार्यक्रम मार्फत समुदायलाई विद्यालय गतिविधिको जानकारी गराउने गरेको, विद्यालय सम्बन्धि विभिन्न विषयमा अभिभावकहरुसँग छलफल र अन्तर्क्रिया गर्ने गरेको, विद्यालयको योजना, नीति निर्माण र निर्णय प्रक्रियामा अभिभावकहरुको प्रत्यक्ष संलग्नता रहने गरेकोले विद्यालयमा पारदर्शिता हुने गरेको देखिन्छ ।

**ङ) विद्यालयप्रति जवाफदेहीता**

समुदायद्वारा विद्यालयको व्यवस्थापन जिम्मा लिएपछि अभिभावकहरुमा विद्यालयप्रति अपनत्वको भावना जागृत भएको, विद्यालय सम्बन्धी छलफल र अन्तरक्रियामा अभिभावकहरुले सक्रियताका साथ भाग लिने गरेको, अभिभावकहरुमा विद्यालयप्रति सामूहिक उत्साह जागृत भएको, विद्यालयको योजना, नीति निर्माण र निर्णय प्रक्रियामा अभिभावकहरुले प्रत्यक्ष संलग्नता रहने गरेकोले विद्यालयप्रति अभिभावकहरुमा उत्तरदायित्वको भावना र जवाफदेहीता बढेको देखिन्छ ।

**४.३. विद्यालय व्यवस्थापनमा देखिएका समस्याहरु**

विद्यालयको अभिलेख, दस्तावेजको अध्ययन, यस जिल्लाका जि.शि.अ. र सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्ति ज्यूले भर्नुभएको प्रश्नावली तथा छनोटमा परेको विद्यालयको वि.व्य.स. तथा शि.अ.सं.का अध्यक्ष, प्र.अ., शिक्षक, विद्यार्थी र अभिभावकहरुसँगको अन्तरवार्ताद्वारा प्राप्त सूचनाहरुको विश्लेषण तथा विवेचनाबाट विद्यालय व्यवस्थापनमा देखिएका समस्याहरु तलको तालिकामा प्रष्ट पारिएको छ ।

**तालिका नं ४.८.**

**विद्यालय व्यवस्थापनमा देखिएका समस्याहरु**

| विद्यालय व्यवस्थापनमा देखा परेका समस्याहरु | उत्तरदाताहरुको संख्या र प्रतिशत | | | | जम्मा |
|---|---|---|---|---|---|
| | स्रो. व्य., वि.व्य.स. अध्यक्ष, शि.अ.सं. अध्यक्ष, प्र.अ. | शिक्षक | विद्यार्थी | अभिभावक | संख्या (प्रतिशत) |
| उत्तरदाताको जम्मा संख्या | 4 | 3 | 6 | 10 | 23 |
| अधिकांश अभिभावकहरुमा कार्यक्रमको उद्देश्य र औचित्यबारे अनभिज्ञता | 3 | 2 | | 8 | 13 -57) |
| वि.व्य.स.ले विद्यालयको लागि ठोस नीति निर्माण गर्न नसकेको | 1 | 2 | 2 | 5 | 10 -43) |
| अधिकांश अभिभावकहरुमा शैक्षिक चेनाको अभाव रहेको | 2 | 2 | | 6 | 10 -43) |
| वि.व्य.स.का पदाधिकारीहरुमा कार्य क्षमताको अभाव रहेको | 3 | 2 | | 7 | 12 -52) |
| राम्रो काम गर्नेलाई सम्मान र पुरस्कारको व्यवस्था गर्न नसकिएको | 3 | 2 | 4 | 8 | 17 -74) |
| सामुदायिक शिक्षकहरुमा सेवा र सुविधाको ग्यारेन्टी सम्बन्धि अन्यौल रहेको | 3 | 1 | | 5 | 9 -39) |
| सबै बालबालिकाहरुलाई विद्यालय प्रवेश गराउन नसकिएको | 3 | 2 | 5 | 8 | 18 -78) |
| विद्यालयका योजनाहरुको कार्यान्वयन पक्ष कमजोर रहेको | 2 | 2 | | 5 | 9 -39) |
| विद्यालयसँग भरपर्दो, पर्याप्त र स्थायी आर्थिक स्रोतको अभाव रहेको | 3 | 2 | | 6 | 11 -48) |

स्रोत : स्थलगत सर्वेक्षण, २०६८

उपरोक्त सरोकारवाला व्यक्तिहरुबाट लिइएको अन्तर्वार्ता र प्रश्नावली तथ्यांक अनुसार, शैक्षिक जागरण अभावका कारण ४३ प्रतिशत अभिभावकहरु कार्यक्रमको उद्देश्य र औचित्य बारे प्रष्ट रहेको र ५७ प्रतिशत अनभिज्ञ रहेको पाइयो । वि.व्य.स.ले विद्यालयको लागि ४३ प्रतिशत ठोस नीति निर्माण गर्न तथा ३९ प्रतिशत योजना कार्यान्वयन गर्न नसकेको देखियो । जसको कारण क्षमता अभिवृद्धि तालिमको अभाव रहेको पाइयो । विविध स्रोत, साधन, समय र सीपको अभावको कारण राम्रो काम गर्नेलाई सम्मान र पुरस्कारको व्यवस्था गर्न नसकेको (७४ प्रतिशत) कारण प्रभावकारी भर्ना अभियान नभएको देखियो । त्यसरी नै आन्तिरिक आर्थिक स्रोतको दिगो परिचालन गर्न नसक्दा ५२ प्रतिशत मात्र विद्यालयसँग भरपर्दो, पर्याप्त र स्थायी आर्थिक स्रोत भएको पाइयो ।

# परिच्छेद पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

समुदायमा हस्तान्तरण भएका विद्यालयमा देखिएका परिवर्तनहरुको पहिचान गर्न उदयपुर जिल्लाको त्रियुगा नगरपालिका अन्तर्गत वडा नं ७ को श्री सत्यदेवि मा.वि.को लगानी, प्रक्रिया, उत्पादन तथा समुदाय र विद्यालयको आपसी सम्बन्धमा आइरहेको परिवर्तन र विद्यालय व्यवस्थापनमा देखिएका समस्याहरु पहिचान गर्ने उद्देश्यले यो अध्ययन गरिएको थियो । ति उद्देश्यहरुको प्राप्तिका लागि विभिन्न साधनहरुको प्रयोग गरिएको थियो । त्यसैले त्यस्ता साधनहरुको प्रयोगबाट संकलित सूचनाहरुको विश्लेषणद्वारा प्राप्त प्राप्ति, निष्कर्ष एवं सुझावहरु निम्न अनुसार प्रस्तुत गरिएको छ ।

## ५.१. प्राप्ति

अध्ययन अनुसन्धानको क्रममा विभिन्न स्रोत र तरिकाबाट संकलित सूचनाहरुको विश्लेषण र विवेचना गर्दा समुदायद्वारा विद्यालय व्यवस्थापन जिम्मा लिएपछि प्रत्येक पक्षमा देखिएको परिवर्तनलाई प्राप्तिको रुपमा तल प्रस्तुत गरिएको छ :

### ५.१.१. प्रणालीगत परिवर्तनहरु

**लगानी पक्षसँग सम्बन्धित**

**क) शिक्षक संख्यामा देखिएको परिवर्तन**

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि शै.स. २०६३ को तुलनामा शै.स. २०६७ मा शिक्षक संख्यामा ६९ प्रतिशत बृद्धि भएको तथा विद्यालय व्यवस्थापन लिनुपूर्व ३ जना मात्र शिक्षिका रहेकोमा विद्यालय व्यवस्थापन जिम्मा लिएपछि शिक्षिका संख्या ५ जना पुगेको पाइयो ।

**ख) विद्यार्थी भर्ना प्रवृत्तिमा देखिएको परिवर्तन :**

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि छात्रा भर्ना संख्या औसतमा १० प्रतिशत र छात्र भर्ना ६३ प्रतिशत बढेको , छात्राको तुलनामा छात्रको भर्ना प्रतिशत बृद्धि भएको पाइयो ।

**ग) भौतिक सुविधामा देखिएको परिवर्तन**

अ) कक्षाकोठाको संख्यामा देखिएको परिवर्तन : विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि कक्षाकोठाको संख्या ८० प्रतिशतले बृद्धि भएको पाइयो ।

आ) शौचालयको संख्यामा देखिएको परिवर्तन : विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि २०० प्रतिशतले शौचालयको संख्या बढेको पाइयो ।

इ) फर्निचरको संख्यामा देखिएको परिवर्तन : विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि ६३ प्रतिशतले फर्निचरको संख्या बृद्धि भएको पाइयो ।

ई) प्रयोगशाला र पुस्तकालय कोठामा देखिएको परिवर्तन : विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि शै.व. २०६५ र २०६६ एक एक कोठे प्रयोगशाला र पुस्तकालय निर्माण भएको पाइयो । त्यसैगरी व्यवस्थापन पश्चात शै.व. २०६५ देखि कक्षा एक र दुईसम्म कक्षाकोठामा बालबालिकालाई बस्न कार्पेट र चकटीको व्यवस्था गरेको पाइयो ।

**घ) पाठ्यक्रम र पाठ्यपुस्तकमा देखिएको परिवर्तन**

विद्यालयको व्यवस्थापपन समुदायले जिम्मा लिएपछि पुस्तकालयमा पढ्नलाई विविध ज्ञान, सीप पक्षका  पुस्तक उपलब्ध भएको र शै.व. २०६६ देखि कक्षा १ मा अंग्रेजी भाषालाई अनिवार्य पठन पाठनको साधन निर्माण गरी लागू गरेको पाइयो ।

**ङ) बजेटमा देखिएको परिवर्तन**

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि राहत, सरकारी, निजी दरवन्दी शिक्षक कोटा, जि.शि.का.बाट एक मुष्ठ शिक्षा अनुदान तथा अभिभावकहरुबाट प्राप्त चन्दा सहयोगमा उल्लेखनीय लगानी बृद्धि सँगै समग्र बजेट लगानीमा बृद्धि भएको पाइयो ।

**प्रक्रियासँग सम्बन्धित**

**क) प्रशासनिक व्यवस्थामा देखिएको परिवर्तन :** विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि

अ. वि.व्य.स.को बैठक सङ्ख्या (पटक) ५० प्रतिशतले बृद्धि भएको पाइयो ।

आ. शि.अ.सं.को बैठक सङ्ख्या (पटक) ६६ प्रतिशतले बृद्धि भएको पाइयो ।

इ. अभिभावक भेला (पटक) २० प्रतिशतले बृद्धि भएको पाइयो ।

ई. सा.ले. प. गराएको (पटक) १०० प्रतिशतले बृद्धि भएको पाइयो ।

**ख) शैक्षिक व्यवस्थामा देखिएको परिवर्तन**

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि विद्यालय खुलेको र शिक्षकको उपस्थिति दिनमा भएको फैलावटमा कमी आएको र तालिम प्राप्त शिक्षकहरुको संख्यामा २५० प्रतिशतले बृद्धि भएको पाइयो ।

**ग) शिक्षण सिकाइ प्रक्रियामा देखिएको परिवर्तनः**

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि पठनपाठन भएको दिन ५ प्रतिशत र अतिरिक्त क्रियाकलाप शतप्रतिशतले बृद्धि भएको पाइयो । त्यस्तै व्यवस्थापन पछि निर्माणात्मक मूल्यांकन पद्धतिको बृद्धि गरी सकारात्मक शिक्षण सिकाइलाई प्राथमिकताका साथ अँगाली अगाडि बढेको पाइयो ।

**घ) विद्यार्थी उपस्थितिमा देखिएको परिवर्तन**

विद्यालयको व्यवस्थापन समुदायले जिम्मा लिएपछि छात्रा औसत उपस्थिति ४ प्रतिशत र छात्र औसत उपस्थिति ६ प्रतिशत गरी समग्रमा विद्यार्थी उपस्थिति औसत ५ प्रतिशतले बढ्न गएको देखिन्छ ।

**उत्पादनसँग सम्बन्धित**

**क) विद्यार्थी उपलब्धिमा देखिएको परिवर्तन**

अ. विद्यार्थी उत्तीर्ण दरमा देखिएको परिवर्तन : समुदायद्वारा व्यवस्थापन जिम्मा लिएपछि छात्र/छात्रा दुवैको उत्तीर्ण दर औसत ५७ प्रतिशत बृद्धि भएको पाइयो ।

आ. विद्यार्थी कक्षा छोड्ने दरमा देखिएको परिवर्तन : समुदायद्वारा व्यवस्थापन जिम्मा लिएपछि छात्राको कक्षा छोड्ने दर औसत ७५ र छात्रको कक्षा छोड्ने दर सतप्रतिशतले कमी आएको पाइयो ।

इ. विद्यार्थी कक्षा दोहोर्‍याउने दरमा देखिएको परिवर्तन : समुदायद्वारा व्यवस्थापन जिम्मा लिएपछि छात्राको कक्षा दोहोर्‍याउने दरमा औस्त ७८ प्रतिशत र छात्रको कक्षा दोहोर्‍याउने दरमा औसत ८८ प्रतिशत कमी आएको, छात्राको तुलनामा छात्राको कक्षा दोहोर्‍याउने दर बढी भएको पाइयो।

ई. शैक्षिक उपलब्धि स्तरमा देखिएको परिवर्तन : समुदायद्वारा व्यवस्थापन जिम्मा लिएपछि विषयगत शैक्षिक उपलब्धि स्तर ३८ प्रतिशतले र कक्षागत शैक्षिक उपलब्धि स्तर ३९ प्रतिशतले बृद्धि भएको पाइयो ।

**ख) आर्थिक पक्षमा देखिएको परिवर्तन**

अ. आन्तरिक स्रोत साधनको परिचालन र व्यवस्थापनमा देखिएको परिवर्तन : समुदायद्वारा व्यवस्थापन जिम्मा लिएपछि विद्यालयको आर्थिक स्रोत साधनको परिचालन र व्यवस्थापनमा सुधार आएको पाइयो ।

आ. विद्यालयको समग्र आर्थिक स्थितिमा देखिएको परिवर्तन : समुदायद्वारा व्यवस्थापन जिम्मा लिएपछि विद्यालयको समग्र आर्थिक स्थितिमा सुधार हुँदै आएको पाइयो ।

### ५.१.२. समुदाय  र विद्यालयको आपसी सम्बन्धसँग सम्वन्धित

**क) अपनत्वको भावनामा देखिएको परिवर्तन**

विद्यालय व्यवस्थापन समुदायले जिम्मा लिएपछि विद्यालयको नीति निर्माण र निर्णय प्रक्रियामा अभिभावकहरुको प्रत्यक्ष संलग्नता रहन थालेकोले "विद्यालय हाम्रो हो" भन्ने भावनाको विकास भएबाट समुदायमा विद्यालयप्रति अपनत्वको भावना जागृत भएको देखिन्छ।

**ख) सार्थक सहभागितामा देखिएको परिवर्तन**

विद्यालय व्यवस्थापन समुदाले जिम्मा लिएपछि 'विद्यालय हाम्रो हो' भन्ने भावनाको विकास भएको, अभिभावकहरुमा विद्यालय प्रति सामूहिक उत्साह जागृत भएको, विद्यालय सम्बन्धि नीति निर्माण गर्नु पर्दा र कुनै निर्णय लिनुपर्दा अभिभावकहरुको प्रत्यक्ष संलग्नता रहने गरेकोले विद्यालयका कार्यक्रमहरुमा अभिभावकहरको सार्थक सहभागिता रहेको देखिन्छ।

**ग) विद्यालयप्रति सहयोगमा देखिएको परिवर्तन**

विद्यालय व्यवस्थापन समुदायले जिम्मा लिएपछि  अपनत्वको भावना जागृत भएको, नीति निर्माण र निर्णय प्रक्रियामा अभिभावकहरुको अहम् भूमिका रहँदै आएकोले विद्यालयको भौतिक पूर्वाधार विकास तथा आर्थिक स्रोतको परिचालनमा समुदायको सक्रिय सहयोग रहने गरेको देखिन्छ।

**घ) पारदर्शितामा देखिएको परिवर्तन**

विद्यालय व्यवस्थापन समुदायले जिम्मा लिएपछि विद्यालयले अभिभावक भेला, सार्वजनिक लेखा परीक्षण र अन्य कार्यक्रमहरु मार्फत विद्यालय गतिविधिको जानकारी गराउने गरेको, विद्यालय सम्बन्धि विभिन्न विषयमा अभिभावकहरुसँग छलफल र अन्तरक्रिया गर्ने गरेकोले विद्यालय गतिविधिमा पारदर्शिता बढेको देखिन्छ।

**ङ) विद्यालयप्रति जवाफदेहीतामा देखिएको परिवर्तन**

विद्यालय व्यवस्थापन समुदायले जिम्मा लिएपछि अभिभावकहरुमा विद्यालयप्रति जिम्मा लिएपछि अभिभावकहरुमा  विद्यालयप्रति अपनत्वको भावना जागृत भएको, विद्यालयको योजना, नीति निर्माण र निर्णय प्रक्रियामा अभिभावकहरुको प्रत्यक्ष संलग्नता रहने गरेकोले विद्यालय प्रति अभिभावकहरुमा उत्तरदायित्वको भावना र जवाफदेही बढेको देखिन्छ।

### ५.१.३. विद्यालय व्यवस्थापनमा देखिएका समस्याहरु

अध्ययन अनुसन्धानको क्रममा विभिन्न स्रोत र तरिकाबाट संकलित सूचनाहरुको विश्लेषण र विवेचना गर्दा विद्यालय व्यवस्थापनमा देखिएका प्रमुख समस्याहरु यस प्रकार रहेका छन् :

- अधिकांश अभिावकहरुमा शैक्षिक चेतनाको कमी हुँदा विद्यालय कार्यक्रममा सम्पूर्ण अभिभावकहरुलाई सक्रिय गराउन नसकिएको,
- वि.व्य.स. का पदाधिकारीहरुमा कार्यक्षमताको अभाव हुँदा विद्यालय सञ्चालनको लागि आवश्यक नीति नियम बनाई कार्यानवयन गर्न नसकेको ,
- विद्यार्थीको कक्षा छोड्ने र दोहोऱ्याउने दरमा केही कमी आएपनि सन्तोषजनक रुपमा कमी आउन नसकेको ।
- छात्रको तुलनामा छात्राको कक्षा छोड्ने र दोहोऱ्याउने दर उच्च रहेको
- विद्यालयसँग भरपर्दो , पर्याप्त र स्थायी आर्थिक स्रोत नभएको ,
- विद्यालयको पहुँच बाहिर रहेका सबै बालबलिकालाई विद्यालय प्रवेश गराउन नसकेको
- कक्षा कोठा, फर्निचर र शौचालयको संख्यामा बृद्धि भएको तर विद्यार्थी संख्याको अनुपातमा पर्याप्त नभएको
- विद्यालयका योजनाहरुको कार्यान्वयन पक्ष प्रभावकारी हुन नसकेको ,
- अधिकांश अभिभावकहरुमा कार्यक्रमको उद्देश्य र औचित्य बारे अनभिज्ञ रहेको ।

## ५.२. निष्कर्ष

विद्यालय व्यवस्थापन समुदायले जिम्मा लिएपछि विद्यालयमा विद्यार्थी भर्ना, उपस्थिति, उत्तीर्ण दर, शैक्षिक उपलब्धिस्तर, शिक्षक संख्या, उपस्थिति र नियमितता बढेको, कक्षाकोठा, फर्निचर, शौचालय तथा प्रयोगशाला र पुस्तकालय संख्यामा बृद्धि भएको, स्थानीय स्रोत साधनको परिचालनमा बृद्धि भई विद्यालयको आर्थिक अवस्थामा सुधार आएको, विद्यालय संचालन हुने दिन, पठनपाठन हुने दिन तथा बैठक संख्यामा बृद्धि भएको, विद्यालयको योजना तथा नीति निर्माणमा सरोकारवालाहरुको संलग्नता रहने गरेको, विद्यालय प्रति अभिभावकहरुमा अपनत्वको भावना विकास भएको, विद्यालयका कार्यक्रमहरुमा अभिभावकहरुको सार्थक सहभागिता हुने गरेको, विद्यालयका सम्पूर्ण गतिविधिहरुमा पारदर्शिता बढेको र समग्रमा समुदाय र विद्यालयको आपसी सम्बन्धमा सुधार भएको पाइयो ।

विद्यार्थीको कक्षा छोड्ने र दोहोऱ्याउने दरमा केही कमी आएको भएपनि सन्तोषजनक रुपमा कमी आउन नसकेको, छात्रको तुलनामा छात्राको कक्षा छोड्ने र दाहोऱ्याउने दर उच्च देखिएको, विद्यालयको पहुँच भन्दा बढि रहेको साथै बालबालिकालाई विद्यालय भर्ना गराउन नसकिएको , शिक्षक वर्गमा आफ्नो सेवा, सुविधाको ग्यारेन्टी सम्बन्धि अन्यौल कायम रहेको, विद्यालयसँग भरपर्दो, स्थायी र पर्याप्त आर्थिक स्रोत नभएको, विद्यार्थी संख्याको अनुपातमा भौतिक सुविधाहरु (कक्षाकोठा, फर्निचर, शौचालय) पर्याप्त नभएको, अधिकांश अभिभावकहरुमा कार्यक्रमको उद्देश्य र औचित्य सम्बन्धि अनभिज्ञता रहनुको साथै शैक्षिक चेतनाको अभाव तथा वि.व्य.स.का पदाधिकारीहरुमा कार्य संचालन र विकासको लागि ठोस नीति निर्माण गर्न नसकेको पाइयो ।

## ५.३. सुझावहरु

यो शोधकार्य समुदायमा हस्तान्तरण भएका विद्यालयमा देखिएका परिवर्तनहरुको अध्ययनको क्रममा प्राप्त सूचनाहरुको विश्लेषण र व्याख्याबाट उपलब्ध सूचनाहरुको आधारमा समुदायद्वारा व्यवस्थापन जिम्मा लिएका विद्यालयहरुलाई अझ थप व्यवस्थित गर्न निम्न सुझावहरुलाई प्रस्तुत गरिएको छ ।

- वि.व्य.स.का पदाधिकारीहरुमा कार्य सम्पादन क्षमताको अभाव रहेको कारणबाट विद्यालय संचालन तथा व्यवस्थापन सम्बन्धि ठोस नीति निर्माण गर्ने नसकिएको देखिएकोले क्षमता अभिवृद्धि गर्न 'क्षमता अभिवृद्धि तालिम' संचालनको व्यवस्था गर्नु पर्ने,
- अधिकांश अभिभावकहरुका शैक्षिक चेतनाको कमी रहेको कारणबाट कार्यक्रममा सक्रिय गराउन नसकिएकाले चेतना अभिवृद्धिका लागि 'शैक्षिक जागरण' कार्यक्रम सञ्चालन गर्नुपर्ने ,
- बेलाबेलामा 'हाम्रो विद्यालय राम्रो विद्यालय' शीर्षकमा विद्यार्थीहरुको खुल्ला समूह छलफल चलाउनु पर्ने ।
- राम्रो काम गर्नेलाई प्रोत्साहित गरेको नदेखिएकोले 'हामी गर्छौं सम्मान' शीर्षकमा सम्मान कार्यक्रम तथा पुरस्कारको व्यवस्था गरी अन्यलाई पनि प्रशंसनीय काम गर्न प्रेरणा दिनुपर्ने,
- विद्यालयको भौतिक व्यवस्था अन्तर्गत फूलबारी नभएकाले सुन्दर फुलबारी निर्माणमा ध्यान पुऱ्याउनु पर्ने
- 'सी' ब्लक अन्तर्गत कक्षा ८ रहँदै आएको कोठा अलि अँध्यारो भएकाले पारदर्शी पाताको व्यवस्था गर्नुपर्ने
- आफ्नो विद्यालयलाई नमूना (उत्कष्ट) विद्यालय बनाउन बेलाबेलामा विद्यालय र विद्यार्थीको प्रगति विवरण अभिभावकहरुमाझ सार्जजनिक गर्दै अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नुपर्ने ,
- छात्र/छात्राको कक्षा छोड्ने र दोहोऱ्याउने दर अझै पनि उच्च नै रहेको देखिएकाले सो दर घटाउन कक्षा छाड्दा र दोहोऱ्याउँदा उत्पन्न असरलाई केन्द्रित गरेर विद्यालय, गाँउ, टोलमा सडक नाटकद्वारा चेतना अभिवृद्धि गर्नुपर्ने
- विद्यालयको पहुँच भन्दा बाहिर रहेका बालबाीलकाहरुलाई विद्यालयमा भर्ना गराउन हरेक वर्ष 'घरदैलो भर्ना अभियान' सञ्चालन गर्नुपर्ने
- दलित, अपाङ्ग तथा गरिव बालबालिकालाई विद्यालयको पहुँचमा ल्याउन विशेष छात्रवृत्ति सिर्जना गर्नुपर्ने ।
- योजना तर्जुमा गर्दा कार्यन्वयन पक्षलाई ध्यान नदिइएको कारणबाट विद्यालयको योजना तथा निर्णयहरुको कार्यान्वयन पक्ष कमजोर रहेको देखिएकोले योजना तुर्जमा गर्दा कार्यानवयन पक्षलाई विशेष ध्यान दिइनु पर्ने ,

- कार्यक्रमको उद्देश्य र औचित्यबारे अधिकांश अभिावकहरु अनभिज्ञ रहेका देखिएकाले कार्यक्रमको उद्देश्य र औचित्यको सम्बन्धमा प्रचार प्रसार, अन्तरक्रिया, सडक नाटक मञ्चन जस्ता कार्यक्रम गर्नुपर्ने ।

## सन्दर्भसूचि


अर्थ मन्त्रालय, (२०५९), *आर्थिक वर्ष २०५९/६० को बजेट वक्तव्य,* काठमाडौं : लेखक ।

कानुन किताब व्यवस्था समिति (२०६३), शिक्षा तथा खेलकुद सम्बन्धि केही नेपाल ऐन संशोधन गर्ने ऐन-२०६३, *नेपाल ऐन संग्रह पुरक खण्ड-२०६३,* काठमाडौं : कानुन किताब व्यवस्था समिति ।

खनाल, श्रीधर (२०६३), शिक्षा र जनसहयोग, *विकासको निम्ति शिक्षा,* १,५५, कीर्तिपुरः सेरिड ।

खतिवडा, विमल (२०६७, असोज, ११), समुदायले लिएपछि नमूना बन्यो विद्यालय, *कान्तिपुर दैनिक,* पे.१४ ।

जोशी, खेमराज (२०६४), *समुदायद्वारा व्यवस्थापन जिम्मा लिएका विद्यालयहरुमा देखिएका परिवर्तनहरु : एक अध्ययन,* (अप्रकाशित शोधपत्र) स्नातकोत्तर तह, शिक्षाशास्त्र संकाय, कीर्तिपुर ।

पौडेल, अनमोलमणि (२०६८, असार, २५), अति राजनीतिकरणले विद्यालय आक्रान्त, *कान्तिपुर दैनिक,* पे.६ ।

पौडेल, जीवन (२०५९), नेपालको सन्दर्भमा विद्यालय आधारित व्यवस्थापन, (पृ. ३०-८३) *विकासको निम्त शिक्षा,* अंक २, कीर्तिपुर : सेरिड : बल्खु ।

भण्डारी, मुकुन्द प्रसाद (२०६१), *नेपालमा प्राथमिक शिक्षा,* काठमाडौं : ज्ञानकुञ्ज प्रकाशन, कीर्तिपुर ।

भण्डारी, सुप्रभात (२०६५, भाद्र, ८) समुदायमा गएपछि विद्यालयले रुप फेर्‍यो, *कान्तिपुर दैनिक,* पे.१४ ।

राष्ट्रिय योजना आयोग (२०५५), *नवौं योजना (२०५४-०५९),* काठमाडौं : लेखक ।

राष्ट्रिय योजना आयोग (२०५९), *दशौं योजना (२०५९-२०६४),* काठमाडौं : लेखक ।

राष्ट्रिय योजना आयोग (२०६४), *त्रीवर्षीय अन्तरिम योजना (२०६४-२०६७),* काठमाडौं : लेखक ।

*स्थानीय स्वायत्त शासन ऐन-२०५५,* काठमाडौं : कानुन किताब व्यवस्था समिति ।

शर्मा, गोपीनाथ (२०५९), *नेपालका शिक्षा आयोगका प्रतिवेदनहरु,* काठमाडौं : मकालु बुक्स एण्ड स्टेसनर्स, काठमाडौं ।

शर्मा पौडेल, जीवन (२०५९), नेपालको सन्दर्भमा विद्यालय आधारित व्यवस्थापन, *विकासको निम्ति शिक्षा,* २, ३०-८३, कीर्तिपुर : सेरिड, बल्खु ।

*शिक्षा ऐन- २०२८ तथा शिक्षा नियमावली-२०५९,* काठमाडौं : कानुन किताब व्यवस्था समिति ।

